मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




वर्ष १ | अंक ८९ | २०७९ साल माघ २३ गते सोमबार | Monday 6, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# रुट परिवर्तन पछि डस्टी कार्गो आयात सकस

## भारतीय पक्षले प्रतिबद्धता पुरा नगरेपछि कार्गो आयातमा समस्या, आयातकर्ता मर्कामा

मधेशदृष्टि
वीरगंज २२ माघ।

भारतीय पक्षले गरेको प्रतिबद्धता अनुसार पूर्वाधार तयार नगर्दा डस्टी कार्गो आयात सकस बन्दै गएको छ। रक्सौल स्थित रेल्वे साइडिङ्गबाट ट्रकमा लोड गरि नेपाल आयात गरिने डस्टी कार्गोलाई भारतीय पक्षले एकिकृत जाँच चौकी हुँदै आयातित रुट सारेपछि डस्टी कार्गो आयात सकस बन्दै गएको हो। साबिकको वीरगन्ज भन्सार नाकाको बाटोको सट्टा भारतीय आईसीपी हुँदै नेपाली आईसीपीतर्फ डस्टी कार्गो आयात हुन थालेपछि यो रुट झन्झटिलो हुनुका साथै आर्थिक भार थपिएको आयाकर्ताको गुनासो छ।



नेपाली आयातकर्ताले भारत लगायत तेश्रो मुलुकबाट आयात गरेको डस्टी कार्गो रक्सौल स्थित रेल्वे साइडिङ्गसम्म रेलमार्गबाट ल्याइन्छ। रेलबाट झारेको कार्गो ट्रकमा लोड गरि साविकको वीरगंज भन्सार नाकाको बाटो हुँदै गन्तव्यसम्म पुऱ्याउने काम हुँदै आएको थियो। तर यही जनवरी २०२३ देखि भारतीय पक्षले भारतीय आईसिपि हुँदै डस्टी कार्गो आयात गर्न निर्देशन दिएको हो। यस रुटबाट डस्टी कार्गो आयात गर्दा ७ सय ५० मीटर बाटोमा अत्यधीक समस्या हुने गरेको वीरगंज उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष माधव राजपालको भनाई छ।

उनका अनुसार एकिकृत जाँच चौकी हुँदै डस्टी कार्गो आयात गर्दा रेल्वे साइडिङ्गदेखि बाइपास सडकसम्मको रक्सौल स्थित ७ सय ५० मीटर सडक साँघुरो भएको, वस्ती हुँदै ल्याउनु परेकोले समस्या उत्पन्न भएको बताए। मुख्य सडक नभई आईसिपिबाट डस्टी कार्गो ल्याउने हो भने आयातकर्ताको प्रति टन ६ देखि ८ सय रुपैया एवं प्रति कन्टेनर २ हजार ५ सय देखि ३ हजार रुपैया थप भार पर्ने गरेको राजपालको भनाई छ।

रक्सौल रेल्वे साइडिङ्गबाट डस्टी कार्गो टिपरमा लोड गरेर त्यहाँबाट ७ सय ५० मिटर बाटो छिचोल्न समस्या भएको हो। साँघुरो र भीडभाडयुक्त बाटो छिचोलेर आईसीपी सडकको पहुँचमा पुग्न टिपरलाई सकस रहेको उनको भनाई छ। भारतीय पक्षले यो बाटोको भीडभाड हटाउने प्रतिबद्धता समेत जनाएको थियो तर त्यस्तो केही भएन्। रक्सौलको रेल्वे साइडिङ्गबाट हाइवेसम्म आइपुग्न ७ सय ५० मिटरको बाटोको ४ स्थानमा विभिन्न समस्या झेल्नु पर्दछ।

साँघुरो सडक, मानव वस्ती, तरकारी बजार, स्कुल, अस्पताल जान त्यहीँ बाटो प्रयोग गर्ने गरिएको कारण पनि त्यस बाटोबाट डस्टी कार्गो आयात गर्न असहज भएको राजपालको भनाई छ। हाइवेदेखि भारतीय आईसिपिसम्म डेडिकेटेट लाइन दिने भारतीय पक्षले प्रतिबद्धता समेत गरेको थियो त्यो पनि दिइएको छैन। भारतीय आईसिपि भित्र पनि डेडिकेटेड लेन दिन भारतीय पक्षको प्रतिबद्धता थियो त्यो पनि भएन, मात्रै आईसिपिबाट ल्याउन भारतीय पक्षले विगत ६ महिना अघिदेखि दबाब दिदै आएको तर पूर्वाधार भने नदिएको नेपाली आयातकर्ता व्यापारीहरुको गुनासो छ।

यता तराई यातायात व्यवसायी संघ पर्साका कार्यवाहक अध्यक्ष सुहेल अख्तर अन्सारीले आईसिसिबाट डस्टी कार्गो आयात गर्दा विभिन्न ४ प्रकारका समस्या व्यहोर्नु परेको बताए। उनले ढुवानी खर्च बढ्ने, ट्रकका मजदुर चालकहरु पलायन हुने, व्यापारीको भार थप्ने, बढि समय लाग्ने तथा जनताहरु मर्कामा पर्ने जस्ता समस्या उत्पन्न भएको बताए।

उनले भारतीय पक्षले नेपाली ढुवानी व्यवसायीलाई पलायन गर्ने मनसायले आयातकर्ता व्यापारीहरुलाई पेलेर जाने काम गरिरहेको बताए। भारतीय पक्षले गरेको प्रतिबद्धता अनुसार आईसिपिमा ग्रिन लेन नदिएको कारणले रेल्वे साइडिङ्गबाट भारतीय आईसिपिसम्म पुग्न दुई दिनसम्म लाग्ने गरेको तथा विभिन्न स्थानमा अनावश्यक पैसा तिर्नु परेको उनको भनाई छ। एक महिनामा ३० ऱ्याक डस्टि कार्गो आउँछ, जसमा ६ हजार ट्रकमा सामान लोड गरि नेपाल भित्र्याइन्छ। ६ हजार ट्रक भित्र्याउन भौतिक संरचना पनि नभएको उनको भनाई छ। रुट परिवर्तन गर्दा ५ देखि ७ किलोमिटरको दुरि पर्छ, तर दुरि भन्दा पनि भारतीय आईसिपिले पनि अनावश्यक समय लगाउने गरेको कारण समस्या उत्पन्न भएको उनको भनाई छ।

दैनिक १ सय भन्दा बढि गाडीबाट मालसामान ढुवानी भइरहेको अवस्थामा हाल दैनिक १० देखि १५ वटा पनि गाडी आउन समस्या भएको उनको भनाई छ। यसबारे वीरगंज स्थित भारतीय महावाणिज्य दुतावासमा पुनः एक पटक कुरा गर्ने, समस्याको समाधान नभए आन्दोलनमा उत्रने चेतावनी समेत उनले दिए।

पूर्वाधार नै नदिई जबरजस्ती गर्न खोज्दा समस्या उत्पन्न भएको हो। नेपाली आयातकर्ताहरुको डस्टी कार्गो मासिक ३० ऱ्याक भन्दा बढि आउने गरेको छ। जस अनुसार एक दिनमा एक ऱ्याक नै ल्याउने हो भने दैनिक आवत जावत गरि ४ सय भन्दा बढि टिपर आवत जावत गर्न सडक व्यवस्थापन नभएकोले समस्या उत्पन्न भएको हो।

भारतीय भन्सारको पटना कार्यालयले सूचना निकालेर २०७९ असोज ३० देखि रक्सौल - वीरगंज नाकाबाट हुने सबै आयात निर्यात एकीकृत जाँच चौकी (आईसीपी) बाट मात्रै हुने भनेपछि त्यही बखत नै आयातमा समस्या भएको थियो। तर आयातकर्ता, भारतीय महावाणिज्य दुतावास तथा नेपाल स्थित भन्सार प्रशासकको पहलमा अढाई महिना समय थपेर १ जनवर २०२३ सम्म तोकिएको थियो, जस अनुसार ८ जनवरी २०२३ बाट आईसिपि हुँदै डस्टी कार्गो आयात गर्ने कार्य भइरहेको छ।

भारतीय पक्षले रक्सौल रेल्वे साइडिङ्गबाट सोझै भारतीय आईसीपीमा प्रवेश गर्न नेपाली डस्टी कार्गो बोकेका सवारीलाई १० नम्बर गेट खुला गर्ने प्रतिबद्धता समेत जनाएको थियो तर त्यो पनि भएन, जसको कारण अन्य मालवाहक ट्रक तथा लरीसँगै कार्गो बोकेको टिपर पनि घण्टौं जाममा बस्नुपर्ने बाध्यता सृजना भएको उनको भनाई छ। विगतमा एक रेल्वे ऱ्याक डस्टी कार्गो ढुवानी गरेर रक्सौलबाट वीरगन्जसम्म ल्याउन ३६ घण्टा लाग्ने गरेको थियो तर अहिले ५ देखि ६ दिनसम्म लागि रहेको राजपालको भनाई छ।

डस्टी कार्गो आयातमा नेपाल सरकारले खासै चासो नदेखाएको कारण आयातकर्ता व्यापारीहरु विगत ५ वर्षदेखि विभिन्न खाले समस्याहरु झेल्दै आएका छन्। पाँच वर्षअघि रक्सौलका स्थानीयको अवरोधका कारण त्यहाँ क्लिंकर लोड-अनलोड बन्द भएको थियो। त्यसयता भारतीय भन्सारले पटक पटक डस्टी कार्गो त्यहाँबाट हटाउन

- बाँकी पृष्ठ ६ मा

# प्रचण्ड र उपेन्द्र मनमुटावको असर प्रदेश सरकारमा





मधेशदृष्टि
जनकपुरधाम, २२ माघ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेकपा माओवादी केन्द्र र उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालबीचको मनमुटावको असर संघदेखि प्रदेशसम्म परेको छ।

संघमा रहेको माओवादीको नेतृत्वको सरकारमा जसपा सहभागी भएको छैन भने जसपाले नेतृत्व गरेको मधेस प्रदेश सरकारमा माओवादी पनि सहभागी भएको छैन। द्यपि, दुवै दलले एक अर्कालाई संघदेखि प्रदेश सरकारसम्म विश्वासको मत दिएका छन्।

संघमा प्रचण्डले जसपाका लागि वन तथा वातावरण मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय छुट्याएर राखेका छन् भने मधेस प्रदेशमा जसपाका मुख्यमन्त्री सरोज यादवले पनि माओवादी केन्द्रका लागि उस्ताउस्तै मन्त्रालय उद्योग, पर्यटन तथा वन मन्त्रालय छुट्याएर राखेका छन्। तर संघमा मन्त्रालयमा चित्त नबुझेको कारण जसपा सरकारमा सहभागी नभएझैं मधेस सरकारमा पनि मन्त्रालयमा चित नबुझ्दा माओवादी सरकारमा सहभागी भएको छैन।

संघमा जसपालाई माओवादी नेतृत्वको सरकारले आफूलाई राजेको मन्त्रालय नदिई कमजोर मन्त्रालय दिएको आरोप लगाउँदै आएको छन्। यसैको बदला उसले मधेस प्रदेशमा लिएको आम जनताको बुझाई छ। मधेस प्रदेशमा माओवादीलाई पनि मन्त्रालय नै रोज्न नदिएर एउटा मात्र मन्त्रालय दिएको छ। उद्योग, पर्यटन तथा वन मन्त्रालयसँगै एउटा थप मन्त्रालय वा एउटा मात्र मन्त्रालय भए कुनै विकासे मन्त्रालय दिनुपर्ने माओवादीको माग गर्दै आएको छ। तर जसपा भने माओवादीलाई थप मन्त्रालय दिने वा मन्त्रालय हेरफेर गर्ने पक्षमा छैन।

मुख्यमन्त्री सरोज यादव भन्छन्, ' माओवादीलाई उहाँहरुले रोजेकै मन्त्रालय छुटयाइएको हो। सहमति अनुसार माओवादीको भागमा एउटा मन्त्रालय र एक राज्य मन्त्री परेको हो। माओवादी पनि त्यसमा तयार हो। तर, उनीहरूको पार्टीमा विवाद देखिएको कारण मन्त्रिपरिषद्मा सहभागी नभएको जस्तो लागेको छ। शपथ ग्रहणका दिन अन्तिम समयसम्म माओवादीका नेताहरूले पार्टीमा छलफल गरेर पठाउनेछु भनेका थिए, तर आजसम्म पठाइएको छैन।

यता माओवादीको मधेस

- बाँकी पृष्ठ ६ मा

### जरिवाना मिनाहाका लागि दौडधूप

# आयोगको २४ अर्ब गुम्ने

*स्थानीय तह निर्वाचनमा आयोगले पाँच अर्ब चार करोड ३ लाख ९२ हजार ८ सय ७६ रूपैयाँ खर्च गरेको थियो। आयोगले भने अनुसार जरिवाना उठ्ने हो भने खर्चको पाँच गुणा आम्दानी हुन्छ।*



मधेशदृष्टि
जनकपुरधाम, २२ माघ। स्थानीय तहको निर्वाचनमा खर्च विवरण नबुझाएर जरिबानामा परेकाहरुले जरिवाना मिनाहाका लागि दौडधूप तिव्र पारेका छन्।

जनप्रतिनिधि तथा उम्मेदवार हरुले प्रधानमन्त्रीलगायत सबै राजनीतिक दलका प्रमुखहरूलाई संयुक्त रूपमा भेट गरेर जरिवाना मिनाहा वा विवरण बुझाउने म्याद थप गर्नका लागि अनुरोध गरेका छन्।

यसैगरी प्रधानमन्त्री र गृह मन्त्रालयमा भएको छलफल अनुसार जरिवाना तोकिएका सबै उम्मेदवारको तर्फबाट राष्ट्रपति विद्यादेवी भण्डारीलाई सम्बोधन गरेर एक निवेदन पेस गरिएको छ। आइतबार गृह मन्त्रालयमार्फत राष्ट्रपति समक्ष जरिवाना मिनाहाका लागि ६ बुँदे अनुरोध पत्र पेस गरिएको गाउँपालिका राष्ट्रिय महासंघ अध्यक्ष लक्ष्मी पाण्डेले बताइन।

उनका अनुसार स्थानीय तहहरूबाट संकलन भएका उपलब्ध निवेदनसहित निवेदन पेस गरिएको छ भने सोही आवेदनको आधारमा फागुन ७ गते प्रजातन्त्र दिवसका अवसरमा सरकारको सिफारिस अनुसार राष्ट्रपतिबाट मिनाहा गर्ने गरी

- बाँकी पृष्ठ ६ मा






# प्रशासनको काममा विचौलिया बाधक सिडियो:मिश्र

आरके श्रीवास्तव
गरुडा,२२ माघ । रौतहटमा जिल्ला प्रशासन कार्यालयमा बिचौलियाको चलखेल भएको गुनासो आएपछि प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र एक्सनमा आएका छन् । आइतवार उनले कार्यालय आगाडीबाट विचौलियालाई हटाउन लगाएका छन् । प्रमुख जिल्ला अधिकारी मिश्रले सेवा प्रवाहमा विचौलियाको चलखेल रोक्न कार्यालय आगाडीको भिडभाड हटाउन लगााएका हुन । जिल्ला प्रशासन कार्यालय आगाडीका परिचित मानिस मार्फत नागरिकता लगायतका काममा चलखेल हुने गरेको गुनासो जनस्तरबाट आएपछि हटाउन लगाएका हुन् । जिल्ला प्रशासन कार्यालय रौतहट गौर आगाडी बाटो छेकेर टेबुल कुर्सी लगाएर बोरा ओछ्याइ बस्ने बिचौलियालाई हटाएका हुन । जिल्ला प्रशासन कार्यालयको काममा विचौलियाको चलखेल रोकिए पछि जनताको काम सहज, सरल र निस्वार्थ ढंगले सम्पादन हुने विश्वास गरिएको छ ।



# रौतहटमा हात्तीपाईले रोग विरुद्धको औषधी फाल्गुन ११ देखि खुवाइने

आरके श्रीवास्तव
गरुडा, २२ माघ । रौतहटमा हात्तीपाईले रोग विरुद्धको औषधी फाल्गुन ११ देखि खुवाइने भएको छ । हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियानको जिल्ला स्तरीय योजना तर्जुमा गोष्ठी आज गौरमा सम्पन्न भएको छ ।
स्वास्थ्य कार्यालय रौतहटले आयोजना भएको गोष्ठीमा सबै स्थानिय तहका नगर प्रमुख/उप प्रमुख ,प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य संयोजक जिल्लाका फोकल पर्सन, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, आर टी आई साथै विश्व स्वास्थ्य संगठनका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।
जिल्लामा फाल्गुन ११ गते देखि २५ गते भित्र जनताको घर घरमै गई औषधी खुवाईने कार्यक्रम रहेका छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका जनस्वास्थ्य अधिकृत राम कुमार महतो तथा आर टि आई प्रमुख धर्मपाल रमणका अनुसार जिल्लाका जनसंख्या लगभग ८ लाख ४८ हजार हो । जस मध्ये २ वर्ष भन्दा कम, सिकिस्त विरामी, गर्भवती महिला, सात दिने सुत्केरी र गम्भीर रोग लागेका व्यक्ति हरुले बाहेक सबै जनतालाई यो औषधी खुवाउने कार्यक्रम रहेको छ । जिल्लाका औषधि खाने समूहले यसपाली सबैलाई औषधि खुवाउने योजना रहेको स्वास्थ्य प्रमुख सुरेश यादवले बताउनु भयो । औषधी मधेश प्रदेशका रौतहट,सर्लाही, महोत्तरी, बारा र धनुषा सहित देशका १५ जिल्लामा एकै साथ खुवाईने भएको छ । विगतमा यस्ता कार्यक्रम मार्फत हात्तीपाईले रोग विरुद्धका औषधी पटक पटक खुवाउँदा जनताले नखाई दिदा पुनः अभियान सञ्चालन गर्नु परेको हो । यस वर्ष पालिकाका अगुवाइमा औषधी खुवाउने हुँदा कार्यक्रम उदेश्य अनुरुप सफल हुने अपेक्षा गरिएको छ । यस औषधि खोजी खोजी खान र खुवाउन अनुरोध समेत गरिएको छ ।



# महिला एवम् बालबालिकाको पहलमा बसपार्कमा सरसफाइ

प्रिया कर्ण
जनकपुरधाम, २२ माघ ।
सरसफाइ अभियान अन्तर्गत महिला एवम् बालबालिकाले जनकपुरधामको बसपार्क मा बृहत सरसफाइ गरिएको हो । महिला एवम् बालबालिकाको पहल तथा माईती नेपालको सहकार्यमा आईतबार बृहत सरसफाइ गरिएको हो । सरसफाइ अभियानीहरूले विगत केहि दिन देखि निरन्तर आफ्नो सामाजिक उत्तरदायित्व बोध गर्दै सरसफाइ अभियान, वातावरण व्यस्थापन लगायत वृक्षारोपण जस्ता विभिन्न कार्यक्रमहरू गर्दै आएका छन् । सरसफाइ कार्यक्रममा राष्ट्रिय सरसफाइ अभियन्ता धिरेन्द्र साह, जिल्ला अदालत जनकपुरधामकी अधिकृत विष्णु भट्टराई, पत्रकार महासंघकी प्रदेश उपाध्यक्ष ज्योति झा, पत्रकार अमरेश मल्लिक, सरसफाइ अभियानी रुवी झा, जनकपुरधामका सहस्त्र प्रहरी नायब उपरीक्षक (डि एस पी) जिरोमाईल प्रहरी चौकीका प्रहरी, आर्मी, ट्राफिक प्रहरी, माइति नेपाल जनकपुरकी किसमा श्रेष्ठ, नागरीक समाज, विभिन्न संघ संस्था तथा त्यहाँ रहेका पसलका सञ्चालक लगायतकाहरूको उपस्थिती रहेको थियो ।




# प्रेस चौतारी रौतहटले मनायो २५ औं स्थापना दिवस

आरके श्रीवास्त्व
गरुडा,२२ माघ । प्रेस चौतारी नेपाल रौतहट शाखाले आफनो २५ औ स्थापना दिवस मनाएको छ । स्थापना दिवसको अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरि मनाईएको छ । प्रेस चौतारीमा आबद्ध पत्रकारहरुद्वारा बिरामी लाई फलफूल बितरण तथा चियापान कार्यक्रमको आयोजना गरि स्थापना दिवस मनाईएको जिल्ला अध्यक्ष उतम कुमार उपाध्यायले जानकारी गराएका हुन् ।
जिल्लाको चन्द्रनिगाहपुर स्थित प्राथमिक स्वास्थ केन्द्रमा बिरामीहरुलाई फलफूल बितरण गरि चौतारिको स्थापना दिवस मनाईएको हो । सो अवसरमा प्रेस चौतारीका केन्द्रिय सदस्य संजय मिश्रा,मधेस प्रदेश ईन्चार्ज फणि महत,जिल्ला अध्यक्ष उतम कुमार उपाध्याय,नेकपा एमालेका जिल्ला सचीव बालबिक्रम कार्की ,चौतारी जिल्ला सचिव मुकेश साह,पत्रकार कृष्ण तिवारी ,रामानन्द साह लगायतका पत्रकार ,अस्पतालका चिकित्सक सिद्दिकी सिंह लगायतको सहभागिता रहेको थियो । त्यस्तै प्रेस चौतारी रौतहटको आयोजनामा चन्द्रनिगाहपुर स्थित सगुन बेकरिमा चियापान कार्यक्रम समेत भएको हो । सो अवसरमा संगठन बिस्तार ,संगठन सुदृढीकरण ,श्रमजीवी पत्रकारहरुको हकहितमा बुलन्द आवाज उठाउने निर्णय गरिएको अध्यक्ष उपाध्यायले बताए ।






Government of Madhesh Province
**Ministry Of Industry, Tourism & Forest**

## Tourism Development Office

Birgunj, Parsa

**Invitation for Electronic Bids**
**Date of Publication: 6th Feb, 2023**

1. The Tourism Development Office, Birgunj invites sealed quotation from eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the Office of Tourism Development Office, Birgunj or may visit PPMO *website: bolpatra.gov.np* .
3. Bidder must Submit their bid electronically shall deposit the cost of bidding of NRs. 1000.00 (One Thousands Only) in the account specified below:
   **Name Of The Bank:**RastryaBanijaya Bank Ltd., Birgunj
   **Name Of the Office:** Tourism Development Office, Birgunj, Parsa(Office Code: **3070022012**)
   **Office Account No.: 1000100200010000 Rajaswa (revenue) Shrishak No.: 14229**
4. Bids must be submitted to the above office through e-GP system i.ewww.bolpatra.gov.np/egp on or before Feb22, 2023 12:00 hours .
5. Bids Shall be opened in the presence of Bidder's representatives who choose to attain at Feb 22,2023 at 13:00 hours at the Office of Tourism Development, Birgunj, Parsa . Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of as specified below which shall be valid for 30 days beyond the validity period of the bid i.e. 75 days.
   **Account Name: Pradesh LekhaEkaiKaryalaya, Parsa.**
   **Name and Address of Bank :Rastriya Banijaya Bank, Birgunj**
   **Account No. : 1250100202030000**
6. If the last date of Purchasing and/or Submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the Validity period of the bid Security shall remain the same specified for the original last date of bid submission.

| S.N. | Sealed Quotation No. | Description and Location of work | Estimated Cost (ExcludingVAT &Contengencies) | Bid Security |
|---|---|---|---|---|
| 1 | TDO/PAR/SQ/ W/2079/080/25 | RamjankiDharamsalaNirman, FatuwaBijaypur Na.Pa-6, Rautahat | 1711836.23 | 50,000.00 |
| 2 | TDO/PAR/SQ/ W/2079/080/26 | GaneshmanMohari Park Nirman, Nijgadh Na.Pa-4, Bara | 1282251.33 | 35,000.00 |
| 3 | TDO/PAR/SQ/ W/2079/080/27 | BrahambabaMaisthanMandirNirman, Baudhimai. na. pa-6,Rautahat | 1281938.97 | 35,000.00 |
| 4 | TDO/PAR/SQ/ W/2079/080/28 | BhariyahiAdhuroSatomaiMandirNirman, Birgunj M.Na.Pa-15,Parsa | 1282238.99 | 35,000.00 |
| 5 | TDO/PAR/SQ/ W/2079/080/29 | SamudayikDharamsalaNirman, Kalaiya U.M.Na.Pa-2, Dohari, Bara | 1281689.88 | 35,000.00 |
| 6 | TDO/PAR/SQ/ W/2079/080/30 | BhuthiTolekoFulmat Maharani MandirSaundariyakaran, Rajpur Na.Pa-2,Rautahat | 1282080.37 | 35,000.00 |
| 7 | TDO/PAR/SQ/ W/2079/080/31 | ChhatghatTathaPokhariSaundariyakaran, kalaiya U.M.Na.Pa-2,Dohari Chowk, Bara | 1281906.51 | 35,000.00 |
| 8 | TDO/PAR/SQ/ W/2079/080/32 | Khairghari Park Nirman, Nijgadh Na.Pa.-8, Bara | 1281915.48 | 35,000.00 |
| 9 | TDO/PAR/SQ/ W/2079/080/33 | PokhariSaundariyakaran, Chandrapur Na.Pa-1, Nunthar, Rautahat | 1281549.33 | 35,000.00 |
| 10 | TDO/PAR/SQ/ W/2079/080/34 | Ramjanki Math SanicharaPakkiBhawanNirman, Kalaiya. U. M. Na. Pa-10,Bara | 1284386.61 | 35,000.00 |
| 11 | TDO/PAR/SQ/ W/2079/080/35 | AdhuroDurgaMandirNirman, Parbanipur Ga.Pa-1, Buniyad, Bara | 1282186.46 | 35,000.00 |
| 12 | TDO/PAR/SQ/ W/2079/080/36 | BohadihmarahekoMandirNirmanAdarshkotwail, Ga.Pa-1,Bara | 1282281.37 | 35,000.00 |
| 13 | TDO/PAR/SQ/ W/2079/080/37 | TilabePulNajikKehuniyaChhathGhatNirman, Birgunj.M.Na.Pa-19, Parsa | 1282083.55 | 35,000.00 |
| 14 | TDO/PAR/SQ/ W/2079/080/38 | ChhathGhatra Surya Mandirnirman, Gaur na.pa-8,Purenwa,Rautahat | 1282240.34 | 35,000.00 |
| 15 | TDO/PAR/SQ/ W/2079/080/39 | SamshanGhatBikashWorks,Simraungadh mun-8,Bara | 1281653.18 | 35,000.00 |
| 16 | TDO/PAR/SQ/ W/2079/080/40 | IdgahBikashSimraungadh Mun-08,Bara | 1282107.60 | 35,000.00 |
| 17 | TDO/PAR/SQ/ W/2079/080/41 | BadakaItwal Braham baba MandirNirmanSimraungadh Mun-5,Bara | 1282440.80 | 35,000.00 |
| 18 | TDO/PAR/SQ/ W/2079/080/42 | Shree RamjankiMandirNirmanPurenwa,Rautahat | 1281611.86 | 35,000.00 |
| 19 | TDO/PAR/SQ/ W/2079/080/43 | Surya MandirThathaChhathGhat, Gaur Na.Pa-1,Rautahat | 1282240.34 | 35,000.00 |
| 20 | TDO/PAR/SQ/ W/2079/080/44 | BrambabaMandirkaStarunnatiraCompaund wall Nirman, Pheta Ga.Pa-04, Bara. | 1281657.50 | 35,000.00 |
| 21 | TDO/PAR/SQ/ W/2079/080/45 | SohaniyamaChhathGhatNirmanSaundariyakaran, Brindawan Na.Pa-6, Rautahat | 1281720.15 | 35,000.00 |
| 22 | TDO/PAR/SQ/ W/2079/080/46 | PokhariSaundrikaran, Brindawan Na.Pa-7, Mathnira, Rautahat | 1281742.53 | 35,000.00 |

Office Chief

# वडाध्यक्षले कन्या माविमा लगाएको ताल्चा फुटाइयो

मधेशदृष्टि
जनकपुरधाम, २२ माघ । मधेश प्रदेशका राजधानी जनकपुरधामका एकमात्र कन्या माध्यमिक विद्यालयमा जनप्रतिनिधिले लगाएको ताल्चा स्थानीयले फुटाएका छन् ।



जनकपुरधाम वडा नम्बर ११ स्थित श्री सकल भवन कन्या माध्यमिक विद्यालयको प्रधानाध्यापकको कार्यकक्षमा वडाध्यक्षले विद्यालय भवनको रकम फिर्ता पठाएको भन्दै ताल्चा लगाउंदा सो विद्यालयको पांच दिनदेखि पठन पाठन अवरुद्ध रहेको थियो । गत पांच दिनदेखि प्रधानाध्यापक मोदनारायण राउतको कार्यकक्षमा तालाबन्दी रहेको कारण सो विद्यालयका पठन प्रभावित हुँदै गएपछि स्थानीयले प्रहरीको रोहबरमा सो ताल्चा फुटाएर पठन पाठन सुचारु गराएका छन् ।

वडाध्यक्ष अर्जुन चौधरीले सिटीईभीटीबाट प्राविधिक शिक्षाको भवन निर्माणको लागि आएका बजेट प्रधानाध्यापक मोदनारायण राउतले फिर्ता पठाएको र भ्रष्टाचारको अखाडा बनाएको भन्दै गत पांच दिनअघि उनको कार्यकक्षमा तालाबन्दी गरेका थिए । उनले भने विद्यालयको विकासका लागि आएको भवन निर्माणको १५ लाख रुपैया के कति कारणले फिर्ता पठाएको पटक पटक भन्दा बेवास्ता गरिदै आएको कारण बाध्य भएर तालाबन्दी गरेका थियौं ।

विद्यालयका व्यवस्थापन समिति अध्यक्ष समेत रहेका वडाध्यक्ष चौधरीले प्रदेश सरकारबाट सिटीईभीटी कक्षा संचालनको भवन निर्माणका लागि आएको रकम फिर्ता मात्र पठाएको होइन, विद्यार्थीहरुको निशुल्क शिक्षाका लागि अनुदान विभिन्न निकायबाट आएपनि प्रधानाध्यापक राउतले विद्यार्थीको नाम लेखाई, स्थानान्तरण प्रमाण पत्र र विभिन्न बहानामा रकम असुलेर भ्रष्टाचार गर्दै आएको आरोप समेत लगाएका छन् ।

प्रधानाध्यापक राउतले विभिन्न कारणवश सो भवन समयमा निर्माण गराउन नसक्दा रकम फिर्ता पठाउनु परेको बताए । उनले भने विद्यालय भवन बन्नुमा मेरो एक्लैको मात्र गलती नभई व्यवस्थापन समितिले समयमा उपभोक्ता समिति गठन गर्न नसक्दा पनि भवन निर्माण हुन नसकेको हो ।

यता प्रहरीको रोहबरमा ताला फुटाएका स्थानीय महेन्द्र साहले वडाअध्यक्ष र प्रधानाध्यापकको आपसी विवादका कारण पठनपाठनमा विद्यार्थीहरुलाई असर परेकाले सहज रुपमा अध्ययनको वातावरण बनाउन ताला फुटाएको प्रतिक्रिया दिएका छन् । उनले भने व्यवस्थापन समिति र प्रधानाध्यापक बीच कुनै विवाद थियो भने अभिभावक र स्थानीयलाई विवाद समाधान गर्न सक्नु पर्थ्यो । तर त्यसरी नगरी एक्कासी ताल्चा लगाउनु उचित होइन । यसले विद्यार्थीको पठन पाठनमा समेत असर पर्न जाँदा ताल्चा फुटाएको छु ।

यतिमात्र विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष श्रवण चौधरीले एक क्लबको नाममा विद्यालयको एउटा कोठा कब्जा गरेर राखेकोमा स्थानीयले समेत आवाज उठाएका थिए । स्थानीयले वर्षौदेखि चौधरीले क्लबको नाममा कब्जा गरेको विद्यालयको कोठा खाली गराउन माग प्रधानाध्यापक सँग गरेका थिए ।

स्थानीयवासीले प्रधानाध्यापक राउत विद्यालय र वडाध्यक्ष चौधरी पठन पाठनमा ध्यान नदिई राजनीतिकरण गर्न खोजेको आरोप समेत लगाएका छन् ।

# पढाई नभएको भन्दै विद्यार्थीहरु आन्दोलित



मधेशदृष्टि
जनकपुरधाम, २२ माघ । पढाई नभएको भन्दै धनुषाको एक सामुदायिक विद्यालयका विद्यार्थीहरू आन्दोलित भएका छन् ।जिल्लाको बटेश्वर गाउँपालिका-१ स्थित लक्ष्मी माध्यमिक विद्यालयका विद्यार्थीहरू विषयगत शिक्षक अभावमा तीनवटा विषयको पढाइ नहुँदा समस्या भइरहेको भन्दै आन्दोलनमा उत्रेका हुन् ।

विद्यालयमा विषयगत शिक्षक अभावमा तीनवटा विषयको पढाइ ६ महिनादेखि हुन नसकेको प्रदर्शनमा उत्रेका एक विद्यार्थीले बताएका छन् । आन्दोलित विद्यार्थीहरूले वडा नम्बर-१ को कार्यालय घेराउ गर्नुका साथै कार्यालयमा तोडफोड समेत गरेका छन् ।

वडा कार्यालय घेराउ गर्न पुगेका विद्यार्थीहरूले वडाध्यक्ष अशोककुमार महतो लगायत जनप्रतिनिधिलाई नदेखेपछि वडा कार्यालयमा तोडफोड गरेका हुन् । वडा कार्यालय अगाडि सडक अवरुद्ध गरेर टायर बाल्दै प्रदर्शन समेत गरेका विद्यार्थीहरूले विद्यालयमा यथाशिघ्र शिक्षकको व्यवस्थापन गर्नुपर्ने माग गरेका छन् ।

उनीहरूले एसईई परीक्षा आउन डेढ महिनामात्र बाँकी रहेको अवस्थामा शिक्षक आभावमा अंग्रेजी, सामाजिक र विज्ञान विषयको पढाइ नै नभएपछि आफूको परीक्षमा के लेख्ने गुनासो गरेका छन् ।

# सिरहाबाट नक्कली नोट सहित दुई पक्राउ

मुकेशकुमार यादव
सिरहा, २२ माघ । सशस्त्र प्रहरीले सिरहाबाट ४ लाखभन्दा बढी नक्कली नोटसहित दुईजनालाई पक्राउ गरेको छ ।



सशस्त्र प्रहरी बलको इन्टेलिजेन्स ब्युरोले नक्कली ४ लाख ३५ हजार रुपैयाँसहित उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा लहान नगरपालिका-१९ स्थायी घर भएका ३० वर्षीय मोहम्मद ओसिन र सोही नगरपालिका-१० बस्ने १० २२ वर्षीय मोहम्मद राज शेख रहेको जनाइएको छ ।

सिरहाको लहान नगरपालिका-८ स्थित पशुपति माध्यमिक विद्यालय नजिकको रोडबाट उनीहरूलाई पक्राउ गरिएको हो । उनीहरूको साथबाट एक हजार दरका ४३५ थान नक्कली नोट, नोट बनाउन प्रयोग गरिने कागजको बण्डल, दुईथान मोबाइल सेट, सात थान सिमकार्ड तथा १ हजार ५५ रुपैयाँसमेत बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

पक्राउ परेका उनीहरूलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय, लहानमा बुझाइएको छ ।

# रास्वपा सरकारबाट बाहिरिने

मधेशदृष्टि
काठमाडौं, २२ माघ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सरकारबाट बाहिरिने निर्णय गरेको छ । आइतबार रास्वपाको सम्पन्न केन्द्रीय समिति र संसदीय दलको बैठकले यस्तो निर्णय गरिएको हो ।



बैठकले सरकारका मन्त्री फिर्ता बोलाउने निर्णय गरेपनि समर्थन भने जारी राख्ने निर्णय गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पार्टीको केन्द्रीय समिति र संसदीय दलको बैठक बस्नुअघि आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेटघाट गरेका थिए ।आफूलाई गृहमन्त्री बनाउन दबाब दिँदै आएका लामिछानेले प्रधानमन्त्री प्रचण्डलाई भेटेर आइतबार पनि सोही माग राखेका थिए । प्रधानमन्त्रीलाई गृहमन्त्रीबारे निर्णय गर्न रास्वपाले सुरुमा पाँच दिनको र थप दुई दिनको अल्टिमेटम दिएको थियो । पछिल्लो अल्टिमेटम पनि सकिएपछि रास्वपाले बैठक बसेर सरकारबाट बाहिरिने निर्णय गरेको जनाइएको छ ।




# मौलापुरमा माओवादीका वडा प्रत्यासी आजपामा प्रवेश



आरके श्रीवास्तव
गरुडा,२२ माघ । रौतहटमा माओवादीको तर्फबाट एक जना वडा प्रत्यासी आम जनता पार्टीमा प्रवेश गरेका छन् । जिल्लाको मौलापुर नगरपालिकाका वडा नम्बर ७ का वडा अध्यक्ष प्रत्यासी मनोज कुमार मुखिया उर्फ मनमोही माओवादी पार्टी परित्याग गरि आजपामा प्रवेश गरेका हुन ।

आइतवार आम जनता पार्टीका केन्द्रिय अध्यक्ष एवम् पुर्वमन्त्री प्रभु साहको हातबाट टिकामाला लगाई मुखियाले आजपा पार्टीमा प्रवेश गर्नु भएको छ । मौलापुर नगरपालिकाका आजपाका नेताहरुको विशेष पहलमा मुखियालाइ आजपामा प्रवेस गराइएको हो ।मुखियाले गत २०७९ को स्थानिय तहको निर्वाचमा माओवादीको तर्फ बाट वडा प्रत्यासी थिए ।

उनले ३ सय २० मत प्राप्त गरेका थिए । उनीसँगै सयौंको संख्यामा मानिसहरु आम जनता पार्टीमा प्रवेश गरेका छन् ।

सो पार्टी प्रवेश कार्यक्रमको अवसरमा आजपाका नेता नरेश साह तुरहा सहित आम जनता पार्टीका नेता कार्यकर्ताहरुको उपस्थिती रहेको थियो । पछिल्लो समय आजपा पार्टीमा प्रवेश गर्नेहरुको संख्या बढदै गइरहेको जिल्ला इन्चार्ज त्रिभूवन साह अमरको दाबी रहेको छ ।

# कृष्टि सहकारी संघको साधारणसभा सम्पन्न

मधेशदृष्टि
वीरगंज, २२ माघ ।
जिल्ला कृषि सहकारी संघ लि. पर्साको ११ औं बार्षिक साधारणसभा आइतवार ठोरीमा सम्पन्न भएको छ ।

साधारण सभाले आर्थिक बर्ष २०७८/०७९ को लागि ३ करोड ८५ लाख २१ हजार ७ सय ५४ रुपैयाको आय व्यय प्रस्तुत गरिएको थियो ।

संघले स्थापना काल देखि सदस्य संस्था एवं कृषक बर्गको उत्थान, क्षमता विकास, शुसासन र व्यवस्थापनको लागि सरोकारवाला निकाय संग समन्वय, सहकार्य, छलफल, अन्तरक्रिया, संबाद र अध्यन्न अनुसन्धानको माध्यमबाट पैरवी र वकालत गर्दै आएको अध्यक्ष शिव कुमार साहले बताए ।

जिल्ला कृषि सहकारी संघ लि. पर्साको ११ औं बार्षिक साधारणसभाबाट सर्वसम्मत आगामी ४ बर्षको लागि १५ सदस्यीय संचालक समिति चयन भएको छ । समितिको अध्यक्षमा शिव कुमार साह, वरिष्ठ उपाध्यक्ष सन्जित चौधरी, महिला उपाध्यक्ष निलम भारती, महासचिव अनरुध प्रसाद, सचिव नबिआलम राउत गद्दी, कोषाध्यक्ष दिलिप रौनियार लगायतका सदस्यहरु निर्वाचित भएका छन ।

# संक्षेप समाचार

## राष्ट्रिय सभाको उपाध्यक्षमा आर्यालको उम्मेदवारी

मधेशदृष्टि, वीरगंज,२२ माघ ।
पर्साकी चर्चित महिला नेतृ उर्मिला अर्यालले राष्ट्रिय सभाको उपाध्यक्षमा उम्मेदवारी दिएकी छन ।

उनले सत्ता गठबन्धनका तर्फबाट उम्मेदवारी दिएकी हुन । राष्ट्रिय सभा सदस्य अर्यालको प्रस्तावकमा राष्ट्रिय सभा सदस्य नारायणकाजी श्रेष्ठ तथा समर्थकमा देवेन्द्र दाहाल र खिमलाल देवकोटा रहेका छन । संसद् सचिवालयले उम्मेदवारी दर्ताको समय आइतवार दिउँसो ४ बजेसम्मका लागि तोकेको छ । सोमवार बस्ने राष्ट्रिय सभा बैठकमा उपाध्यक्षका लागि चुनाव हुनेछ । पूर्वमन्त्रीसमेत रहेकी अर्यालले राष्ट्रिय सभाको उपाध्यक्षको रूपमा आफूले तटस्थ भूमिका निर्वाह गर्ने बताईन । उनले आफूले कार्यसम्पादन गर्दा दलीय गन्ध आउन नदिने प्रतिबद्धता पनि व्यक्त गरे । राष्ट्रिय सभालाई अझै गरिमामय बनाउने र सांसदको क्षमता अभिवृद्धिका लागि आफ्नो प्रयास रहने उनको भनाइ छ । माओवादीकी अर्याललाई सत्तारूढ सबै तलको समर्थन रहेको र प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले उम्मेदवारी नदिने निर्णय गरेका कारण उनी राष्ट्रिय सभाको उपाध्यक्षमा निर्विरोध निर्वाचित हुने सम्भावना रहेको छ ।

## छपकैया कि एक किशोरी पांचदिन देखि बेपता

मधेशदृष्टि, वीरगंज, २२ माघ ।
बीरगंज महानगरपालिका वडा नम्बर १ छपकैया बस्ने १९ बर्षिया निलिमा कुमारी साह ५ दिन देखि बेपत्ता भएकी छन ।

छपकैया निवासी दिनेश साह सोनारकी छोरी निलिमा साह ५ दिन देखि खोजतलास गर्दा फेला नपरेपछि आइतवार निजकी आमा चन्दा देवी साहले जिल्ला प्रहरी कार्यालयमा आफनी छोरीलाई छपकैया निवासी ३२ बर्षिय अरमान मियाँले बेपत्ता बनाएको आरोप लगाउदै मुद्दा दर्ता गराएकी छन ।

जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको उजुरीमा छोरी बेपत्ता भएपछि खोजतलासका लागि सहयोग गर्न आग्रह गर्दै अरमान मियाँका बुवा, आमा, दाजु र भाउजुलाई समेत विपक्षी बनाई पक्राउ गरी कारवाही गर्न माग गरिएको छ ।

## विपन्न तथा गरिवलाई फाईबर सिरक वितरण

मधेशदृष्टि, वीरगंज, २२ माघ ।
समुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तरगत आइतवार एक कार्यक्रमका विच शंकरसरैया टोलका गरिव, विपन्न, दलित, अपाङ्ग, एकल महिला, अशक्त व्यक्तिहरुलाई ९० थान फाईबर सिरक वितरण गरिएको छ । जिराभवानी गाउँपालिका वडा नम्बर ५ सरस्वती प्राथमिक विद्यालयको प्राङ्गणमा न्यानो फाईबर सिरक वितरण गरिएको हो । कार्यक्रममा इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरिक्षक किशोर आचार्य, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरिक्षक मनिषा लौडारी, अस्थायी प्रहरी पोष्ट शंकरसरैयाका प्रहरी सहायक निरिक्षक राजकुमार ठाकुर लगायत स्थानिय बुद्धिजीवी, जगदिश प्रसाद, संजय चौधरी, वडा अध्यक्ष दारा सिंह लगायतको उपस्थिति रहेको सामाजिक अभियनता प्रकाश थारु जानकारी दिए ।

## मनिकपुरको ९ दिने यज्ञ समापन

मधेशदृष्टि, वीरगंज, २२ माघ ।
पर्साको पकहामैनपुर गाउपालिका २ मानिकपुरमा आइतवार श्री राधाकृष्ण मंदिर श्री लक्ष्मीनारायण महायज्ञ एवम शिव सपरिवार हनुमत प्राण प्रतिष्ठान ९ दिने यज्ञ सम्पन्न भएको छ ।

मानिकपुर वासीको आयोजनामा भएको यज्ञको उदघाटन तथा जलयात्रा माघ १३ गते शुकरबार गरिएको थियो । गाउपालिका तथा देशमा सुखशान्ति तथा सम्बृद्धि आउने उदेश्यले यज्ञ संचालन गरिएको मानिकपुर निवासी संजय चौहानले बताए ।

यज्ञमा प्राण प्रतिष्ठान तथा कथा, प्रबचन, खेलतामासा, नाटक जस्ता कार्यकरम ९ दिन सम्म भएको र आइतवार बिधिवत रुपमा सम्पन भएको हो ।

## वीरगंजको आइसीपी क्षेत्रमा वृक्षारोपण

मधेशदृष्टि, वीरगंज, २२ माघ ।
हेल्प टुगेदर फाउण्डेशनले वीरगञ्जको आईसिपी क्षेत्रमा वृक्षरोपण गरेको छ । आईसिपी भन्सार क्षेत्रमा फाउण्डेशनले निम लगायत विभिन्न प्रजातीका ७० वटा विरुवा रोपिएको फाउण्डेशनका अध्यक्ष रिशु कुमार वर्माले बताएका छन ।वर्माकै अध्यक्षतामा भएको वृक्षरोपण कार्यक्रममा वडा प्रहरी कार्यालय श्रीपुरका प्रमुख प्रहरी निरीक्षक डिल्लीराज सापकोटा, वीरगञ्ज महानगरपालिका वडा नम्बर २४ का वडाअध्यक्ष शिवशंकर द्विवेदी लगायत वडाका बुद्धिजिवी, स्थानीय समाजसेवी लगायतको उपस्थिती रहेको थियो । पछिल्लो समय नासिदै गएको वन जंगलको संरक्षण एवम् संवर्द्धन गर्नुपर्ने र सबैले खाली जग्गामा विरुवा रोप्नुपर्ने सन्देश प्रवाहका लागि वृक्षरोपण गरिएको फाउण्डेशनका अध्यक्ष वर्माको भनाई छ ।

# हिन्दु राष्ट्रका लागि राप्रपाले वृहत भेलाको आयोजना गर्ने

मधेशदृष्टि, वीरगंज, २२ माघ । राप्रपा पर्साको आइतवार सम्पन्न भेलाले आगामी माघ २९ गते वीरगंजमा पार्टीका शुभेच्छुक तथा कार्यकर्ताहरुको बृहत भेलाको आयोजना गर्ने निर्णय गरेको छ ।

पार्टीका पूर्व केन्द्रिय सदस्य बाबुलाल शर्मा, विश्वनाथ साह, शम्भु प्रसाद चौरसियाको विशेष उपस्थितिमा सम्पन्न भेलाले पार्टीलाई संवैधानिक राजसंस्था सहितको हिन्दु राष्ट्र कायम गर्ने, प्रजातन्त्र र लोकतन्त्रलाई स्थायित्व गर्दै संगठन सुदृढिकरणलाई आन्दोलनकै रुपमा अगाडी बढाउन माघ २९ गते भेलाको आयोजना गरिएको पार्टीका पूर्व केन्द्रिय सदस्य विश्वनाथ साहले जानकारी दिए ।

भेलामा जाडो मौसममा गाउँ गाउँबाट आउने पार्टीका शुभचिन्तक तथा समर्थकहरुलाई यातायातको व्यवस्था मिलाउन विश्वनाथ साह, बाबुलाल शर्मा, शम्भु चौरसिया, जमुना पासवान, रोशन यादव, हिरा यादव, दिपनारायण यादवको नेतृत्वमा एक समिति समेत गठन गरेको छ ।

सम्पादकीय

## तस्करीमा शारिरिक अशक्तहरुको दुरुपयोग

भंसार नाकाहरु दुई देशका सीमानामा हुन्छन् । नागरिक आवतजावतलाई सहज हुने र सामान आयात निर्यातका लागि उपयुक्त स्थानमा नाका राखिएको हुन्छ । नेपाल भारत खुला सीमा छ । समथर मैदानमा खुला सीमा आफैमा अवसर र चुनौती दुबै हो । दुई देशकाबीच सामाजिक, सास्कृतीक र आर्थिक सम्बन्धहरु छन् । हामीकहाँ खाद्यान्न, लत्ताकपडा, मलखाद जस्ता धेरै कुरामा भारतमाथि निर्भरता छ । भंसार नाकामा भंसार कार्यालय हुन्छ, अध्यागमनका अधिकृतहरु हुन्छन्, सीमा सुरक्षाको जिम्मा लिएको सशस्त्र प्रहरीको तैनाथी हुन्छ ।र, साथसाथ नेपाल प्रहरीहरुले 'कडा' ड्युटी गरिहेको हुन्छन् । बाहिर सतहमा यि सबै कुरा छन् रौटहटको सदरमुकामा गौरमा । भंसार अवैध सामान आयात, निर्यात नहोस भनेर राखिएको हो । सामानहरु आयात निर्यात गर्दा भंसार शुल्क बुझाउनुपर्ने हुन्छ । कहाँबाट ल्याएको, कती परिणाम ल्याएको, सामानको मूल्य कति हो र कहाँ लैजाने भन्ने जस्ता विवरणहरु दिनुपर्दछ भंसार कार्यालयलाई र तोकिएको शुल्क बुझाउनुपर्दछ ।यो भनेको वैधानिक बाटो हो । तर, हाम्रा सीमानाकाहरुमा वैधानिक आवरणमा अवैधानिक कामकारवाही हुने गरेका घटना सामान्य बन्दै गएका छन् ।

रौतहटको सीमानाका गौर अहिले यस्तै बद्नामी आर्जन गरिरहेको छ । भंसारका तथ्याङ्गहरुले चालु आर्थिक वर्षको पहिलो छ महिनाको करको आँकडा निराशाजनक छ । लक्ष्य भन्दा निकै कम राजस्व संकलन भएको तथ्याङ्कले देखाइरहेका छन् । यता भंसार नाकाबाट हुने खुलेआम पोके तस्करी पनि मौलाएको छ । सीमा सुरक्षाको जिम्मा लिएका प्रहरी, सशस्त्र प्रहरीलाई मासिक खुराक दिएर तस्करी भैरहेको देखिन्छ । पोके तस्करी सीमा क्षेत्रका कतिपयको पेशानै बनेको छ । यताका सामान उता पुऱ्याउने, उताका सामान यता ल्याएर बेच्ने । तर, पछिल्लो समय, गौरमा शारिरिक अशक्तता भएका व्यक्तिहरुलाई तस्करीको रुपमा प्रयोग गरिएको पाइएको छ ।

बाहिर सतहमा शारिरिक अशक्तहरुलाई माया गरेको जस्तो देखिए पनि भित्रि रहस्य उनीहरुको मानवीय पक्षलाई दुरपयोग गरिदैंछ । समान्य कमाएर घर खर्च चलाउन भन्दै मानवीय रुपले शारिरिक अशक्त भएका व्यक्तिलाई दिनको एकपटक भारतीय बिस्कुट नेपाल ल्याउँन दुवै देशका सुरक्षाकर्मीहरुले सहुलियत दिने गरेका छन् । बाहिर देखिएको यस्तो संवेदनाको भित्रिपाटो कालो छ । विस्कुट ल्याउँने सहुलियत पाएका उनीहरुले दैनिक ठूलो परिणाममा सामान यताउता पुर्याउँछन् । त्यसवापत उनीहरुले सुरक्षाकर्मीलाई नै मासिक रकम बुझाउने गरेको जानकार बताउँछन् । नेपाल र भारत दुबै तर्फका व्यापारी र सुरक्षाकर्मीको यस्तो कमलो मनका पछाडि अशक्तहरुले प्रयोग गर्ने ट्राइसाइक प्रमुख आकर्षण हो । त्यस्तो साइकल सामान ओसार्न प्रयोग भएको देखिन्छ ।

शारिरिक अशक्तहरुलाई राज्यले जिम्मेवारी लिनु पर्दछ । राज्यले निश्चित भक्ता पनि दिने गरेको छ । निश्चयनै त्यो पर्याप्त छैन । तर, यसका लागि स्थानीय सरकारनै समक्ष छ, व्यवस्थापनको चाहना राख्ने हो भने । तर, मानवीय संवेदनालाई कुनै हालतमा तस्करीमा प्रयोग गर्न हुँदैन, पाइदैन । तत्काल बन्द हुनुपर्दछ कालोमनले पस्किएको मानवीय सहुलियत ।

के देखिन्छ भने भारतबाट पोकेहरुले ल्याएका सामान किन्नेहरु गौर, गरुडामा छन् । उनीहरुले स्टोक गर्दछन् र जिल्लाका विभिन्न स्थानमा पठाउँछन् । त्यस्तै गौरबाट मदिरा अत्यधीक निकासी हुन्छ भारतमा । कारण भारतमा भारत मदिरा निषेध छ । गौर र आसपासको क्षेत्रलाई आवश्यक पर्ने भन्दा निकै धेरै सामान बजारमा छ भने त्यो तस्करीका लागि हो भन्ने बुझ्नुपर्दछ । तस्करीको लाभ लिन सीमामा औपचारिक तैनाथी जनाइरहेको प्रहरीबाट के आश गर्ने ? स्थानीय बजारको विस्तृत अनुसन्धान गरेर अधीक सामाग्रीको श्रोत र बजारको छानविन मात्र गर्नसक्ने हो भने तस्करी धेरैहदसम्म नियन्त्रण गर्न संभव छ । तस्करी ठूलो समस्या होइन, जिम्मेवारहरुमा इच्छाशक्तिको कमी खड्किएको मात्र हो । प्रहरीको उच्च नेतृत्वले तत्काल हस्तक्षेपकारी भूमिका खेल्नसक्नुपर्दछ ।

# निर्यात बढाउन कानुनी र व्यवहारिक कठिनाइ



– अमरजीवि घिमिरे

*हामी माग्ने शैलीमा व्यापार गरिरहेका छौं । हामीलाई माया गरिदिनुस है, हामीमाथि सहानुभूति राख्नुहोस् है भन्ने शैलीमा व्यापार हुँदैन । यसकारण हामी के स्पष्ट हुनुपर्छ भने हामीले गर्ने व्यापार कस्तो हो ? त्यसको लक्षित बजार कहाँ हो ? व्यापारका क्रममा हुने कानुनी असजिलाको उपचार कसरी हुन्छ ? हाम्रो उत्पादन बजारसम्म पुऱ्याउन समस्या भयो वा हाम्रा उत्पादनको गुणस्तरमा नै समस्या देखियो भने त्यसलाई कसरी समाधान गर्ने भनेर बुझ्न सकेका छैनौं ।*

नेपालमा उत्पादित वस्तु बाहिर कसरी पठाउने र बाहिरको वस्तु नेपालमा कसरी भित्र्याउने भन्ने कुरा वैदेशिक व्यापार हो । यो निर्यात र आयातसँग सम्बन्धित छ । वैदेशिक व्यापारमा आयात र निर्यात भन्दै गर्दा हामीले वस्तु तथा सेवाको समग्र उत्पादन, ढुवानी, बजारीकरणलगायत आपूर्ति शृङ्खलाका चरण बिर्सनु हुँदैन । हामी वैदेशिक व्यापारमा निर्यातलाई जोड दिनुपर्छ भनिरहेका छौं र वस्तु देशभित्र उत्पादन भइसकेपछि देशबाहिर पठाउनेमात्रै कुरा गर्छौं । तर, त्यो वस्तु नेपालभित्रै उत्पादन छ कि छैन ? त्यसको उत्पादन र उत्पादकत्व कस्तो छ ? उत्पादन, बजार र मूल्य शृङ्खलासँग कसरी जोडिएको छ ? लगायत विषयमा हामीले पर्याप्त ध्यान पुऱ्याउन सकेका छैनौं । वास्तवमा हेरिनुपर्ने मुख्य विषय यिनै हो ।

हामीसँग रहेको निर्यातयोग्य उत्पादनले खुद राष्ट्रिय आय (जिएनआई) र कूल गार्हस्थ उत्पादन (जिडिपी) मा कस्तो असर पार्नसक्छ भनेर हेरिनुपर्छ । कतिपय वस्तुले जिएनआईमा योगदान गरेको भए पनि जिडिपीमा योगदान नगरेको हुनसक्छ । जिडिपीमा योगदान हुन आन्तरिक उत्पादन, रोजगार, बजारलगायत बहुआयामिक पक्ष यसमा आउनुपर्छ । यसकारण अन्तर्राष्ट्रिय व्यापार भन्ने बित्तिकै हामीले उत्पादन, उत्पादकत्व, रोजगारी सिर्जना, ढुवानी र बजारलगायत चरण हेर्नुपर्छ । यी काममा संलग्नता हुने भनेको सार्वजनिक र निजी क्षेत्रको हो । हामी सरकारी क्षेत्रलाई पनि सार्वजनिक क्षेत्रकै रूपमा राख्न सक्छौं । सरकारी कम्पनी पनि व्यापारमा संलग्न छन् । उत्पादनदेखि बजारीकरणसम्मका काम सरकारी कम्पनीले नै गरिरहेका छन् । उदाहरणका लागि जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड । ऊ सरकारी कम्पनी हो, उसले उत्पादन गर्छ र बजारमा बेच्छ । यसकारण अन्तर्राष्ट्रिय व्यापारलाई वस्तु आयात र निर्यातमात्रै नभनिकन त्यसको उत्पादन, प्रशोधन, सहज ढुवानी र लक्षित बजारसम्मका कुरा हेरिनुपर्छ । सबै देशको चाहना निर्यात बढी होस् र आयात कम होस् भन्ने हुन्छ । नेपालको हकमा निर्यात निकै कम छ । यसो हुनुका पछाडि नीतिगत र व्यावहारिक दुवै पक्ष उत्तिकै कारक हुन् । व्यापारसम्बन्धी कानुनी प्रावधान नबुझ्नु हाम्रो समस्या हो । उदाहरणका लागि कसैले उखु खेती गर्न जग्गा चाहियो र लगानी पनि पर्याप्त छ भने हामीले त्यसका कानुनी बाधा बुझ्न जरुरी छ । अहिले उखु खेती गरिरहेका किसानले नै उखु बेचेको पैसा पाएका छैनन् । त्यो उनीहरूले किन पाएनन् ? कानुनी अप्ठेरा के छन् भनेर सोधखोज गरिँदैन । बाधा-अप्ठेरा के छन् भनेर नबुझिकन गरेको लगानी समस्यामा पर्नसक्छ । सबै प्रणालीको उच्च बिन्दुमा रहने भनेको कानुनी र नीतिगत व्यवस्था हो । कानुन पनि कडा र नरम हुन्छन् । यद्यपि, नीतिले कानुनी उपचार दिँदैन । तर, यसलाइ पनि हामीले कानुनभित्रै राखेर हेर्नुपर्छ ।

अर्को व्यावहारिक पक्ष । आन्तरिक उत्पादन अवस्था हेरेर त्यसले वाह्य व्यापारमा सघाउ पुऱ्याउँछ कि पुऱ्याउँदैन भन्नेमा हामी स्पष्ट हुनुपर्छ । यदि वाह्य मुलुकमा बेच्नका लागि उत्पादन पर्याप्त छ भने पनि त्यो कसले लैजान्छ ? राज्य संयन्त्रले लैजान्छ वा व्यक्तिले लैजाने हो ? अब पठाउने वा ढुवानी गर्ने एउटा कुरा भयो, तर त्यो कहाँ पठाउँने ? बजार कहाँ हो ? कसले किन्छ ? त्यो वस्तुको स्थानीय वितरक को हुन सक्छन र प्रयोगकर्ता को हुन् ? यी सबै विषयमा हामी जानकार हुनुपर्छ । अन्तर ाष्ट्रिय व्यापारमा हामीले नबुझेको कुरा पनि यही हो । हामीले हाम्रो भूमिका के हो भन्ने नै कानुनीरूपमा स्पष्ट ढंगले बुझेका छैनौं । आफ्नो भूमिका के हो भन्ने पहिचान नहुने बित्तिकै लक्षित समूह को हो पनि चिन्न सकिँदैन । उदाहरणका लागि नेपालमा उत्पादित चिनी विदेश निर्यात गर्नुपऱ्यो भने कुन देशमा कुन व्यापारीलाई बेच्ने र त्यसका प्रयोगकर्ता को हुन् भन्ने नै पहिचान हुन सकेको छैन । चिनी उद्योगीले चिनी उत्पादन गरेर आन्तरिक बजारमा पठाइरहेका छन् । विदेशमा निर्यात गर्न सरकारस ँग आग ्रह गरिरहेको देख्न सक्छौं । तर हामीले विदेश पठाउन भने सकेका छैनौं । निजी क्षेत्रले मौजुदा कानुनी व्यवस्थाभित्र बसेर अन्तर्राष्ट्रिय व्यापार गर्न सक्छ कि सक्दैन भनेर सोध्यो भने जवाफ भेटिँदैन । कुन अन्तर्राष्ट्रिय कानुनको कुन प्रावधानअनुसार कस्ता वस्तु कसरी निर्यात गर्ने भन्ने कुराको जानकारी निजी क्षेत्रले समेत राख्दैनन् । अर्को महत्वपूर्ण पक्ष भनेको हाम्रा उत्पादनको बजारीकरण 'बेगिङ प्रिन्सिपल' हो वा 'नेक-टु-नेक प्रिन्सिपल' मा केन्द्रित छन् भनेर बुझ्न जरुरी छ । हामी बेगिङ प्रिन्सिपल बोकेर बसिरहेका छौं । जबकि, व्यापारमा चाहिने भनेको नेक-टु-नेक बार्गेनिङ हो । उदाहरणका लागि हामी कुनै देशको कुनै व्यापारीलाई फलानो सामान पठाउँछौं, अनि उनीहरूले हामीलाई माया गरेर सामान किनिदिए हुन्थ्यो भन्ने सोच्छौं । यो मनसायले व्यापार हुँदैन । अनि अब मुद्दा लड्नुपऱ्यो भने त झन् त्यसमा हामी हार्ने नै हो र मुद्दा लड्न सकिन्न भन्ने पर्छ । कृषि सामग्री कम्पनीले मल ल्याउँछ । तर, मल ल्याइदिने कम्पनीले मल ल्याइदिएन भने त्यसको कानुनी उपचार कसरी पाउने हो भन्ने हामीलाई थाहा छैन । विदेशी कम्पनीले मल ल्याइदिएन भने त्यसको क्षतिपूर्ति पाउने आधारबारे हामी अनभिज्ञ हुन्छौं । नेपाले कुनै देशको कुनै ठूलो कम्पनीसँग पनि कानुनी लडाइँ लड्न सक्छ र ? भन्ने मानसिकता छ । तर, यी सबै कुरा गर्न सकिँदैन भने हामी व्यापारका लागि पनि योग्य छैनौं ।

> ❝विकासशील मुलुकमा स्तरोन्नति हुँदा डब्लुटिओले दिइरहेका कम्प्लाएन्स हामी गुमाउँछौ । विकासशील मुलुकलाई डब्लुटिओले अतिकम विकसित मुलुकलाई जस्तो सुविधा दिँदैन । यसकारण स्तरोन्नतिपछि अन्तर्राष्ट्रिय बजारले नेपाललाई फरक तरिकाले हेर्छ भनेर हामीले बुझ्न जरुरी छ । व्यापारमा पाउने सुविधा नपाए पनि स्तरोन्नतिबाट हुने फाइदा भनेको प्रत्यक्ष वैदेशिक लगानीबाट हो । स्तरोन्नति हुँदा वैदेशिक लगानीका लागि वातावरण बन्छ । किनकि, आन्तरिक लगानी वातावरण र अर्थतन्त्रका विभिन्न आयाम सुदृढ भएका कारण नै हामी स्तरोन्नति हुने हो । नेपालले अहिले स्तरोन्नति हुन्न भन्न पाउँछ कि पाउँदैन भन्ने पनि प्रश्न छ ।

हामी माग्ने शैलीमा व्यापार गरिरहेका छौं । हामीलाई माया गरिदिनुस है, हामीमाथि सहानुभूति राख्नुहोस् है भन्ने शैलीमा व्यापार हुँदैन । यसकारण हामी के स्पष्ट हुनुपर्छ भने हामीले गर्ने व्यापार कस्तो हो ? त्यसको लक्षित बजार कहाँ हो ? व्यापारका क्रममा हुने कानुनी असजिलाको उपचार कसरी हुन्छ ? हाम्रो उत्पादन बजारसम्म पुऱ्याउन समस्या भयो वा हाम्रा उत्पादनको गुणस्तरमा नै समस्या देखियो भने त्यसलाई कसरी समाधान गर्ने भनेर बुझ्न सकेका छैनौं । हामीले आर्थिक र वित्तीय तथ्यांक प्रयोगमा धेरै समय बितायौं । उदाहरणका लागि आलु यति परिमाणमा उत्पादन भयो भने यति बराबर निर्यात हुनसक्छ भनेर तथ्यांकमा सजिलै भन्न सकिन्छ । तर, आलु कसले उत्पादन गर्छ, त्यसलाई बाहिर कसले पठाउने हो, त्यो आलु बेच्न वाह्य बजार कहाँ हो ? ढुवानी कसरी हुन्छ ? बीमालगायत अरू व्यवस्था के छन् ? त्यस्तो आलु बेच्न अन्तर्राष्ट्रिय कानुन र सम्झौताका अवस्था के छन् जस्ता विषय हामीले नजरअन्दाज गर्न सकेका छैनौं । कुनै देशलाई कुनै वस्तुको माग छ, नेपालमा त्यसको उत्पादन पनि छ, तर त्यहाँ पठाउने कसरी भन्ने हामीलाई थाहा छैन । खाली सरकारले गरिदिएन भनेर मात्रै हुँदैन । निजी क्षेत्रले आफैं त्यसका लागि पहलकदमी गरेर समस्या परेका ठाउँमा मात्रै सरकारलाई गुहार्ने हो । तर, हामी सरकारले यो गरेन वा त्यो गरेन भनेर मात्रै अल्झिएर बसेका छौं । हामी सधैं विषयगत समस्या देखाउँछौं । व्यवसायीले पहिले आफैं पहलकदमी लिएर समस्या परेका ठाउ ँमा यस्तो अडचन फुकाइदेऊ भनेर सरकारलाई भन्न सक्छ । तर, सबै काम सरकारले गर्न सक्दैन । यसकारण हामीले नीतिगत तथा कानुनी र व्यावहारिक दुवै खालका समस्या भोगिरहेका छौं ।

व्यवसायीले वैदेशिक व्यापार र मुख्यगरी वस्तु निर्यातमा आफ्नो भूमिका के हो र के गर्नुपर्छ भन्ने नै पहिचान गर्न सकेका छैनन् । नीतिगत समस्या हो भने त्यसमा सहजीकरणका लागि यी-यी बुँदामा यसरी सुधार गर्नुपऱ्यो भनेर सरकारलाई भन्न सक्नुपर्छ । समग्रमा ऐन नियम भएनन्, सरकारबाट सहयोग भएन भनेर मात्रै बस्ने होइन । तर, हामीकहाँ अहिलेको अवस्था यही छ । निजी र सार्वजनिक क्षेत्रले आफ्नो भूमिका के हो र आफूले गर्नुपर्ने काम के हो भन्ने कुरा बिर्सेर सधैं सरकारलाई दोष लगाएर मात्रै समस्या समाधान हुँदैन । अवस्था उही रहन्छ । हामीले व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको ज्ञान राख्नु पनि आवश्यक छ । विश्व व्यापार संगठन होस् वा साफ्टा होस् त्यसका कानुनी प्रावधान नजानिकन हामी निर्यात बढाउन सक्दैनौं । डब्लुटिओका व्यवस्थाले हामीलाई कहाँनेर सहज बनाएको छ अथवा कहाँनेर समस्या पारेको छ भनेर अहिलेसम्म पनि छुट्याउन सकेका छैनौं । डब्लुटिओका प्रावधानले हामीलाई समस्या पारेको छ भने त्यसका लागि सरकारले पहल गर्नुपर्छ । तर, सबैभन्दा पहिले त कुन प्रावधानले के समस्या पारेको छ वा के प्रावधानबाट कस्तो लाभ लिन सकिन्छ भन्ने स्पष्ट हुनुपऱ्यो । यसमा अस्पष्टता भइरहने हो भने हामी निर्यात बढाउन सक्दैनौं । हामीले सधैं सतही कुरामात्रै गरिरहेका छौं । अर्को उदाहरण, डब्लुटिओले बजार प्रणाली सुधार (मार्केट रिफर्मेसन) का कुरा बोल्छ । तर, बजार सुधारका लागि कसले के-के गर्ने हो ? अथवा बजार सुधार नै भनेको के हो ? हामीले नीतिगत अथवा कानुनी सुधारका लागि के गर्न सकिन्छ भनेर लामै समय खर्चिन्छौं । तर, आफ्नो व्यावहारिक क्षमता विकासका लागि प्रयास नै गरेका छैनौं । हामीकहाँ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र भन्ने कार्यालय छ । तर, त्यो कार्यालयले के काम गरिरहेको छ र त्यसले गर्दा निर्यात प्रवर्द्धनमा कति टेवा पुगेको छ भन्ने हामीलाई नै थाहा छैन । यस्ता संस्थालाई सहयोगी निकायका रूपमा स्थापित गर्न सकिन्थ्यो । त्यो पनि छैन । हामीकहा ँ यिनै र यस्तै नीतिगत अस्पष्टता छन् । तिनै अस्पष्टताका कारण कार्यान्वयनमा समस्या छ । त्यसले कानुनी सुधारका लागि पनि पहल भएको देखिँदैन । कानुनीरूपमा सुरक्षा नपाउनु भनेको मुख

- बाँकी पृष्ठ ६ मा

# शिक्षामा दरबन्दी व्यवस्थापन प्रकृया



– उदय कुमार यादव

स्थानीय सरकार संञ्चालन ऐन २०७४मा शिक्षा सम्बन्धी प्रावधानहरु मध्ये एउटा महत्वपूर्ण प्रावधान सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीका दरबन्दी मिलान हो । वास्तवमा अहिलेको विद्यम(ान परिस्थितिमा शिक्षा क्षेत्रमा समय सापेक्ष दरबन्दी मिलान व्यवस्था नभएका कारण पनि धरै जटिल समस्याहरु खेप्नु परेको वा झेल्नु परेको देखिन्छ।यसमा दरबन्दी मिलान प्रकृयाका अन्य विभिन्न प्राबधानहरु मध्ये प्रमुख दुईवटा देखिन्छन्, ति के हुन भने एउटा त विद्यमान परिस्थितिमा विद्यार्थी संख्या को अनुपातमा शिक्षकका नियुक्ति हुनुपर्नेभने अर्को चाहिँ प्रत्येक जिल्लाबाट खाली अथवा रित्त रहेका दरबन्दीका अधारमा शिक्षक सेवा आयोगद्धारा प्रतिस्पर्धा गराई स्थायी पदपुर्ति गराउने । तसर्थ यि दुबै प्रमुख दरबन्दि मिलान प्रकृया तत्काल वैज्ञानिक तथा समसामयिक सान(दर्भिक नै देखिन्छ,तर समस्या भने कहाँ रहेछ भने उचित व्यवस्थापनमा ।जब विद्यालयको अनुमति दिने बेलामै अनुगमन गर्ने निकायबाट नै विद्य(ार्थी संख्याकै आधारमा दरबन्दि स्वीकृत गन्छि भने,पछि कतिपय ठाउँमा बढी विद्यार्थी हुने ठाँउमा कम शिक्षक तर कम विद्यार्थी भएका ठाउँमा बढी शिक्षकहरु कसरी कुन आकाशबाट टप्किन्छ होला? नेपालको राष्ट्रिय शिक्षा प्रणाली,नेपालको वर्तमान संविधानले राज्य व्यवस्थाको पुनर्सरचना गर्दै,संघ प्रदेश स्थानीय गरी तीनटै तह रहने गरी व्यवस्था गरेको छ। यसी नेपालको वर्तमान शिक्षा प्रणाल(ीको संरचनालाई हेर्दा संघीय तहबाट राष्ट्को शिक्षा विज्ञान प्रविधि सम्बन्धि संपूर्ण नीति निध(ारिण,योजना निर्माण,कार्यक्रम कार्यान्वियन,अनुगमन तथा मुल्यांकन गर्न शिक्षा विज्ञान तथा प्रविधि मंत्रालयको व्यवस्था गरिएकोछ भने यस मन्त्रा(लय अन्तर्गतका केन्द्रिय निकायका रुपमा शिक्षा तथा मानव श्रोतविकास केन्द्र,पाठ्यक्रम विकास केन्द्र,शैक्षिक गुण स्तर परिक्षण केन्द तथा मंत्रालय सम्बद्ध स्वायत्त निकायहरुमा राष्ट्रिय परिक्षा बोर्ड र शिक्षक सेवा आयोग समेत रहेका छन्।

प्रदेश तहमा ७ वटा प्रदेश अन्तर्गत:सामाजिक विकास मंत्रालय,शिक्षा विकास निर्देशलय र शिक्षा तालिम केन्द्रको व्यवस्था रहेको छ।जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाई ७७ वटा रहेका छन्।स्थानिय तहको कुरा गर्दा ,गाँउपालिका र नगर पालिका (शिक्षा शाखा वा महाशाखा)लगायत विद्या(लयहरु(अधारभुत,माध्यमिक) रहने व्यवस्था छ।प्रदेश स्तरका शिक्षा प्रणाली अन्तर्गत,७ वटा प्रदेश स्तरीय प्रमुख मंत्रालयहरु मध्ये सामाजिक विकास मन्त्रालय अन्तर्गत् रहेका शिक्षा मन्त्रालयलाई प्रदेश स्तरीय संपूर्ण जिम्मेवारी सुम्पिएको छ,जस अन्तर्गत नै शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्र पनि रहेको छ।

अर्कातिर वर्तमान संविधानको भावना अनुसार नेपाल सरकारले ७७ वटा जिल्लाहरुमा सात सय त्रिपन्न वटा स्थानीय तह अन्तर्गत,७७ वटा जिल(लाहरुमा शिक्षा विकास तथा समन्वय एकाई पनि स्थापना गरेका छन्। यसले नै जिल्लाको शैक्षिक विकासका लागि विद्यालय क्षेत्र विकास कार्यकमहरु सञ्चालन गर्ने जिल्ला स्थित गाउँपालिका तथा नगर पालिकासँग समन्वय सहकार्य गरि समसामयिक शैक्षिक समस्याहरु समाधान गर्ने छन् ।७५३ स्थान(ीय निकायहरुमा रहेका संगठन संरचनामा एकिकृत कार्यालयको व्यवस्थापन गरी त्यस संरचना भित्र शिक्षा शाखा र शिक्षा प्रसाशन समुहको दरवन्दी रहने व्यवस्था पनि गरेको छ।यस अधारमा स्थानीय तहलाई अधारभुत र माध्यमिक तहको शिक्षाको स्पष्ट जिम्मेवारीको व्यवस्था गरिएको देखिन्छ।

यदी वास्तवमा भन्ने हो भन्ने वर्तमान अवस्थामा सम्बन्धित निकायद्धारा संघन अनुगमन गरियो भने धनुषा जिल्लामै कतिपय प्रस्तावित माध्यमिक विद्यालय हरुमा एउटा मा.वि. वा बढिमा दुई वा तीन माध्यमिक दरबन्दिका शिक्षकद्धारा सञ्चालन भईराखेको देखिन्छ । जबकी नियमानुसार कम्तीमा प्रमुख अनिवार्य विषय तथा प्रधानाध्यापक लगायत पांच वटा मा.वि. दरबन्दि हुनुपर्ने। अचेल नियमका बिपरित कतिपय पुराना नामी विद्यालयहरुमा विद्य(ार्थी संख्या न्युन रहेपनि दरबन्दी बढि नै देखिन्छ,यसर्थ सम्बन्धित निकायद्धारा आवश्यक कदम चलेर यस सम्बन्धी समुचित व्यवस्थापन प्रकृया थालनी गर्नुप(र्दछ,अन्यथा शिक्षा क्षेत्रको एउटा यो पनि जटिल समस्याले चाहीँ शिक्षा शिक्षण प्रणाली दिन प्रतिदिन लथालिङ्ग भत्ताभुङ्ग हुनु कुनै वेर लाग्दैन।

यसका साथै अधारभूत तहमा रहेका स्थानीय पाठ्यक्रम अन्तर्गत पाँठ्य पुस्तक उपलब्ध भएपनि यस सम्बन्धी विषयको उचित तथा उपयुत्त पाठय(क्रम कार्यान्वयन सम्बन्धी निर्देशिकाको व्यवस्था कसले गर्ने?मनपर्दी कतिपय विद्यालयमा पढँई नै नहुने त कतिपयमा वास्तविक) विषयबाहे अर्का नै पटकपटक लादिरहनु यो कति न्याय संगत हो । यदी यस्ता जति पनि समस्या जल्दो बल्दो रहेपनि शैक्षिक क्षेत्रमा शिक्षा समिति चयन नभएसम्म समाधान हुदैन अरे, भनेर कतिपयले अड्कल गर्ने गर्दछन् । मानौ स्थानीय पाठयक्रम कार्यावयन सम्बन्धी सबै थोक शिक्षा समितिले नै गर्ने हो भने बाँकी अरु कार्यक्रमहरु कसरी संचालन भैराखेछ त?खाने मुखलाई जुंगाले छेक्दैनन् भनेझै,कम्तिमा स्थान(ीय लेखकबाट लेखिएका उपयुत्त पाठय पुस्तकहरु छिटो भन्दा छिटो कोर्षमा लागु गरि तिनको हौसला पनि बढाईदिनु पऱ्यो।अन्यथा दोहरो नितिले केन्द्रकै सबथोक लादेमा विद्यार्थीप्रति अन्याय भई लेखकहरु पनि कुण्ठित हुनेछन् । साथै सबभन्दा ठुलो हानी त हाम्रा स्थानीय धार्मिक सांस्कृतिक सम्पदाको ऐतिह(ासिक परम्परा सदाको लागि विलोप भएर जानेछ।

अर्कातिर शिक्षा क्षेत्रका सबभन्दा जल्दो बल्दो विकराल तथा घातक समस्या के रहेछ भने,विशेष गरि सामुदायिक विद्यालयका कार्यरत शिक्षकह(रुको तलब समयमा नै मासिक निकासा नहुनु। यसको पछाडि को दोषी होला या यसको प्रमुख जिम्मेवारी कसले वहन गर्नुपर्ने?कहाँ छन त पेशागत हकहितका लागि लड्ने संघसंस्थाहरु, के गर्दैछन तिनीहरु?भाषणमा गुणस्तर खोज्ने तर पारिश्रमिक निकासामा मनपर्दी गर्ने ?

खासगरि सबभन्दा शैक्षिक प्रतिसत मद्येशकै खस्केको देखिन्छ,केबल ५२ प्रतिशत सिमित रहेको किनकी यसकापछि अन्य धेरै कारणहरुमध्ये समय सापेक्ष निकासा नहुनु पनि एक रहेको छ। यहाँ कतिपय स्थानीय तहमा त त्रैमासिक निकासा पनि समयमा नदिँदा ,यहाँ कार्यरत शिक्षकहरु कस्ता पीडित मा(नसिकताले कसरी विषयवस्तु कक्षा कोठामा प्रस्तुत गर्दा होला त? हामी अन्दाज गर्नसक्छौ । गतवर्षकै कुरा गर्दा,शुरु आश्विनमा नै दिएका निकासा चौथो महिनामा पनि,माघे संक्रान्तिको मुखमा आएर पनि रित्तै हाथले पर्व मनाउनु कति पीडादायक होला त?विचार गरौ,पर्व त पर्व शिक्षण बाहेक यदी अर्को वैकलपिक व्यवसाय नहुनेको दैनिक घरायसी खर्च कसरी चल्दो होला त?यता तिर संबन्धित संपूर्ण सरोकारवालाको ध्यान किन नगएको होला?

जब स्थानिय

- बाँकी पृष्ठ ६ मा

# हिमाल जस्तै अग्लो कदका हिमालय शमशेर

काठमाडौँ, २२ माघ

हिमालय शमशेर जबराको सबैले चिन्ने परिचय नेपाल राष्ट्र बैंकको प्रथम गभर्नर हो । तर यतिमा मात्रै उहाँको परिचय सीमित छैन । राणाले नेपालको पहिलो अर्थसचिव हुनुहुन्थ्यो भने कूटनीतिक क्षेत्रमा अन्तर्राष्ट्रिय रुपमा नै आफ्नो पहिचान बनाउनुभएको छ । जबराले नेपालको अर्थतन्त्र, समाज, कूटनीतिलगायतका क्षेत्रमा हिमाल जस्तै अग्लो कद बनाउनुभएको छ ।

मुलुकको अर्थतन्त्र र कूटनीतिक क्षेत्रमा पहिचान बनाउनुभएका राणाको ९५ वर्षको उमेरमा आइतवार निधन भएको छ । निमोनियाबाट पीडित उहाँको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारका क्रममा निधन भएको हो ।

पिता जर्नेल लक्ष्मण शमशेर जबरा र माता विजयालक्ष्मीको कोखबाट सन् १९२८ जनवरी १० मा जन्मनुभएका राणाले भारतको बम्बईस्थित स्कुल अफ इकोनोमिक्स एण्ड सोसिओलोजीबाट अर्थशास्त्रमा स्नातकोत्तर तह पूरा गर्नुभएको थियो । सन् १९५० मा अर्थमन्त्रालयको सचिवका रुपमा काम सुरु गर्नुभएका जबरा सन् १९५१ मा नेपाल बैंकमा महानिर्देशक हुनुभयो । उहाँले सन् १९५६ मा नेपाल राष्ट्र बैंकको पहिलो गभर्नरका साथै सन् १९६२ देखि १९६४ सम्म संयुक्त राष्ट्रसङ्घको न्यूयोर्कस्थित कार्यालयमा प्रोग्राम अफिसर/प्रोजेक्ट अफिसरका रुपमा काम गर्नुभयो ।

जबराले युएनडिपीमा रहेर सन् १९६४-१९७२ सम्म श्रीलङ्का र अफगानिस्तान, सन् १९७२-१९७७ सम्म म्यानमारमा, सन् १९७७-१९८१ सम्म इन्डोनेसिया र सन् १९८१ देखि १९८६ सम्म पाकिस्तानमा काम गर्नुभएको थियो । साथै उहाँ राष्ट्रिय विकास परिषद् सदस्य, गोर्खा ब्रुअरीको अध्यक्ष, हिमालयन बैंकको संस्थापक तथा अध्यक्ष, नेपाल विद्युत् प्राधिकरणको बोर्ड सदस्य, नेपाल इन्टरनेशनल सेन्टरको अध्यक्ष, निर्धन उत्थान बैंकको अध्यक्ष, देव शमशेर जवरा सन्तति प्रतिष्ठानको कोषाध्यक्ष, नेपाल उद्योग परिसङ्घको सल्लाहकारका साथै विभिन्न सङ्घ तथा संस्थासँग आबद्ध हुनुहुन्थ्यो ।



राजनीतिमा प्रवेश

सन् १९४४ मा अध्ययनका लागि भारतको बम्बई पुग्नुभएका जबरालाई त्यहाँ बस्दा राजनीतिप्रति रुचि बढिसकेको थियो । भारतमा महात्मा गान्धीको नेतृत्वमा अङ्ग्रेजविरुद्ध 'भारत छोडो' अभियान बढ्दै थियो । बम्बईमा उहाँ छात्रवासमा बस्नुभयो । नेपाल र भारतमा भइरहेको राजनीतिक उथलपुथलका कारण उहाँ राजनीतिमा आकर्षित हुनुभएको थियो ।

जबराले २००५ सालमा प्रजातान्त्रिक कांग्रेसको सदस्यता लिएर २००७ सालसम्म भूमिगत भइ काम गर्नुभयो । भारतमा स्नातककोत्तर तह उत्तीर्ण गरेपछि उहाँ नेपाल फर्किनुभयो । नेपालमा प्रजातन्त्र आइसकेपछि जबरा नेपाल फर्कनुभएको हो ।

पहिलो अर्थसचिव

नेपाल फर्केपछि जबराको भेट तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेरसँग भयो । प्रजातान्त्रिक आन्दोलनमा ठूलो भूमिका निर्वाह गर्नुभएका सुवर्ण धनी पनि हुनुहुन्थ्यो । उहाँलाई अर्थमन्त्रालयमा स्नातकोत्तर उत्तीर्ण गरेको व्यक्ति चाहिएको थियो । तत्कालीन समयमा स्नातकोत्तर उत्तीर्ण गर्ने मुलुकमा जम्मा चार जना हुनुहुन्थ्यो ।

अर्थशास्त्रमा जबरा, लीलाप्रसाद लोहनी र परीक्षितनरसिंह राणा तथा वाणिज्यशास्त्रमा कृष्णराज भण्डारी स्नातकोत्तर उत्तिर्ण गर्नुभएको थियो । उहाँहरु चार जनाले नै २००७ साल फागनुदेखि अर्थमन्त्रालयमा काम गर्न थाल्नुभएको थियो । काम थालेको दुई महिनामा कार्यसम्पादनका आधारमा जबरा अर्थसचिव हुनुभयो । उहाँले प्रथम अर्थसचिवका रुपमा २०१२ सालसम्म काम गर्नुभयो ।

पहिलो बजेट

जबरा अर्थसचिव भएपछि पहिलो पटक बजेट ल्याइएको थियो । तत्कालीन समयमा आम्दानीको स्रोत मालपोत कार्यालयमा आकाशवाणीबाट सन्देश पठाएर आम्दानीको विवरण सङ्कलन गरिएको थियो । पहिलो बजेट सुवर्ण शमशेरसँग मिलेर बनाएपछि उहाँले त्यसपछिका तीन बजेट आफैँले बनाउनुभयो ।

कर फिर्ताको प्रस्ताव

विसं २००८ मा तत्कालिन प्रधानमन्त्री मातृकाप्रसाद कोइराला भारत भ्रमणमा जाँदा अर्थसचिव जबरा पनि सँगै हुनुहुन्थ्यो । उहाँले भ्रमणका क्रममा भारतीय नेताहरुसमक्ष त्यहाँ उत्पादन भई नेपाल ल्याइने वस्तुमा भारतले पहिले नै कर लिइसकेकाले नेपालीहरु दोहोरो करको मारमा परेको विषय उठान गर्नुभएको थियो । उक्त प्रस्ताव कार्यान्वयन हुन चार वर्ष लाग्यो । फलस्वरुप भारत सरकारले पहिले उठाएको कर रिफन्ड गर्न थाल्यो र नेपालले वार्षिक रू तीन करोड प्राप्त गर्न थाल्यो ।

नेपाल राष्ट्र बैंक स्थापना

तत्कालीन अर्थपरामर्श दाता सरदार गुञ्जमान सिंहले जबरालाई एक दिन याट्खास्थित घरमा बोलाउनुभयो र केन्द्रीय बैंक स्थापना गर्ने योजना सुनाउनुभयो । तत्कालीन राजा महेन्द्र शाहले नेपाल राष्ट्र बैंकको नामले केन्द्रीय बैंक स्थापना गर्ने निर्णय गरिसकेको र बैंकको ऐन मस्यौदा बनाउन र गभर्नरको प्रस्ताव जबरासमक्ष आयो ।

जबराले प्रस्ताव स्वीकार गर्दै भारत, अष्ट्रेलिया, क्यानडालगायत मुलुकमा भएको केन्द्रीय बैंकको ऐन अध्ययन गरी राष्ट्र बैंकको स्थापनाको काम सुरु गर्नुभयो । गभर्नरका रुपमा तलब मासिक आठ सय हुन्थ्यो । तत्कालीन समयमा अर्थ मन्त्रालयको बुँइगलबाट सबै काम हुन्थ्यो । सुरुमा कुर्सी र टेबुल नहुँदा सबै जना गद्दिमा बसेर काम गर्नुपरेको थियो ।

राष्ट्र बैंकको स्थापनापछि गोविन्दप्रसाद लोहनी अनुसन्धान विभाग प्रमुख र रामराज तुलाधर बैंकिङ कार्यालय प्रमुखमा नियुक्त हुनुभएको थियो । सुरुमा हालको विशाल बजार नजिकको एउटा घर भाडामा लिई केन्द्रीय कार्यालय स्थापना गरिएको थियो । बैंकिङ कारोबारका लागि मुलुकीखाना र कौसीतोपखाना उपलब्ध भयो भने नोट विभागका लागि केन्द्रीय कार्यालय नजिकको अर्को घर पनि भाडामा लिइएको थियो ।

नेपाली नोटको चलन र सटही दर

तत्कालीन समयमा तराईमा नेपाली मुद्रा चलनचल्तीमै थिएन । मालपोत र अध्यागमनमा पनि भारतीय मुद्रा नै चल्थ्यो । यस्तो अवस्थामा भारतीय मुद्राको साटो नेपाली नोट चलनचल्तीमा ल्याउनु निकै चुनौतीपूर्ण काम थियो । यसका लागि तीन वर्षसम्म जबराले काम गर्नुभयो ।

नेपाली मुद्रा र भारतीय मुद्राको सटही दर स्थिर नहुँदासम्म नेपाली मुद्रा चलनचल्तीमा ल्याउन गाह्रो हुने निष्कर्षपछि जबराको पहलमा इलामदेखि पश्चिमसम्म विभिन्न सटही केन्द्र सुरु गरिएको थियो । तीन वर्षको अध्ययनपछि भारतीय १०० बराबर नेपाली मुद्रा रू १६० कायम हुने गरी सटही दर निर्धारण गर्ने सहमति भयो । जुन आजसम्म पनि कायमै छ ।रासस

# राजस्व चुहावटका ६ मुद्दा दायर

काठमाडौँ, २२ माघ

राजस्व अनुसन्धान विभागले पछिल्लो तीन महिनाको अवधिमा राजस्व चुहावटका छ मुद्दा दायर गरेको छ ।

विभागले आइतवार प्रेस नोट जारी गर्दै गत कात्तिक दोस्रो सातायता राजस्व चुहावटसम्बन्धी छ र विदेशी मुद्रा अपचलनसम्बन्धी पाँच मुद्दा दायर गरेको जनाएको छ । त्यस्तै, वेभमा आधारित मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (भीसिटिएस) को अनुगमनबाट ७६ फार्म तथा कम्पनीलाई कारबाही भएको विभागले जनाएको छ ।

विभागका अनुसार पछिल्लो तीन महिनामा राजस्व चुहावटका एक सय ९९ सूचना आएका थिए । जसमध्ये ७६ सूचनामाथि थप अनुसन्धानका लागि विभिन्न निकायमा लेखि पठाएको र छ सूचनामाथि अनुसन्धान टुङ्ग्याएर मुद्दा दर्ता भएको विभागले जनाएको छ ।

दायर भइसकेका छ मुद्दामा आठ प्रतिवादीलाई रू ६४ करोड ३१ लाख बराबर सजाय माग दाबी गरिएको छ । यही अवधिमा विदेशी विनिमयको अपचलनतर्फ छ सूचना आएकामा पाँच मुद्दा दायर भएका छन् । छ जनाविरुद्ध




रू ५२ लाख ३३ हजार बराबर माग दाबी गरी मुद्दा दायर गरिएको प्रेस नोटमा उल्लेख छ ।

त्यस्तै, वेभमा आधारित मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (भीसिटिएस) को अनुगमनबाट ७६ फार्म तथा कम्पनीलाई रू ५८ लाख १८ हजार बराबर जरिवाना गरिएको विभागले जनाएको छ । आर्थिक सुशासन कायम गर्न पछिल्लो समय राजस्व चुहावट र विदेशी विनिमय अपचलन नियन्त्रणलाई प्रभावकारी बनाउँदै लगिएको विभागले दाबी गरेको छ ।

"राजस्व चुहावटमा संलग्न व्यवसाय, फार्म तथा व्यक्तिको कारोबारस्थलमा विभागले अनुमगन बढाउने, कारोबारस्थलबाट कागजात नियन्त्रणमा लिने, अनुसन्धान गर्ने र कानुनले तोकको सीमाभित्र तथा अभियोजन गर्ने वा कर निर्धारण गर्ने काम भएको छ", प्रेस नोटमा उल्लेख छ । सरकारले पछिल्लो केही समय आयातमा कडाइ गरेका चिनी, कपडाजन्य सामान, मदिरा तथा विद्युतीय सामानमा चोरी पैठारी बढी हुनसक्ने भन्दै विभागले अनुगमन बढाएको जनाएको छ ।

त्यस्तै, भन्सार बिन्दु प्रयोग नगरी गोदामस्थलमा स्रोत नखुलेका मालवस्तुको भण्डारण र कारोबार गरेको सूचनाको आधारमा यस्ता क्रियाकलापमा संलग्न व्यवसायीलाई अनुसन्धानको दायरामा ल्याएको विभागले जनाएको छ ।रासस

# चौध उद्योगलाई नेपाल गुणस्तर प्रमाण चिन्ह प्रदान

काठमाडौँ, २२ माघ

नेपाल गुणस्तर तथा नापतौल विभागले १४ उद्योगलाई नेपाल गुणस्तर प्रमाण चिन्ह प्रदान गरेको छ ।

चालु आर्थिक वर्षको छ महिनामा सरकारले नेपाल गुणस्तर लिन अनिवार्य गरेका १४ उद्योगलाई गुणस्तर प्रमाण चिन्ह प्रदान गरेको हो ।

विभागले चालु आवमा सिमेन्ट, टिएमटी छड, रङ, एचडिपीई पाइप, सिपीभीसी पाइप, यूपीभिसी पाइप, जस्मिन हाईजिन सेनिटरी पाइप, पेभर्स लकलगायतलाई गुणस्तर प्रमाण चिह्न प्रदान गरेको हो ।

विभागका महानिर्देशक दिनानाथ मिश्रले पछिल्लो समयमा गुणस्तर चिह्नप्रति उद्योगी व्यवसायीको भरोसा बढ्दै गएको बताउनुभयो । अघिल्ला वर्षको तुलनामा पछिल्लो समय नेपाल गुणस्तर प्रमाण चिन्ह लिने उद्योगको संखया राम्रो हुँदै गएको छ, उनले भने ।

चालु आवमा रङ, सिमेन्ट, पाइपलगायतका वस्तुमा गुणस्तर



प्रमाण चिह्न लिनेको सङ्ख्या बढेको उहाँको भनाइ छ । सिमेन्ट, छड, एलपिजी सिलिन्डर, रेगुलेटर, ग्यास पाइप, जीआई वायर, पिभिसी केबुललगायत १५ वस्तुमा सरकारले गुणस्तर चिन्ह अनिवार्य गरेको छ ।

विभागले नेपाल गुणस्तर प्रमाण चिह्न ऐन, २०३७ अनुसार इजाजतपत्र प्रदान गर्दै आएको छ । चालु आर्थिक वर्षको छ महिनामा प्राविधिक समितिबाट १६ वस्तु तथा उद्योगको गुणस्तर पारित गरेको छ । प्राविधिक समितिबाट पारित भएको वस्तु तथा उद्योगको गुणस्तर परिषद्मा पठाउने गरिन्छ ।

उद्योग, वाणिज्य तथा आपूर्तीमन्त्रीको अध्यक्षतामा बस्ने गुणस्तर परिषद्को बैठक बस्न नसक्दा सो अवधिमा एउटा पनि गुणस्तर पारित नभएको विभागले जनाएको छ ।

नेपाल गुणस्तर तथा नापतौल विभागको कार्यक्षेत्र धेरै भए पनि कर्मचारी कम हुँदा काम गर्न समस्या भएको छ ।

विभागमा हाल विभिन्न वस्तुको गुणस्तर मापन गर्नका लागि केमिकल, फिजिकल र टेक्सटाइल प्रयोगशाला छन् ।रासस

# श्रमजीवी पत्रकारको सामाजिक कोषमा बागमती प्रदेश सरकारको सहयोग

काठमाडौँ, २२ माघ

बागमती प्रदेश सरकारले श्रमजीवी पत्रकारको सामाजिक कोषका लागि रू ५० लाख प्रदान गर्ने घोषणा गरेको छ ।

प्रादेशिक संरचनामा प्रेस तथा सञ्चारकर्मीका साथै सञ्चारमाध्यम र पत्रकारको व्यवस्थापनका लागि बागमती प्रदेशले प्रादेशिक कानुन बनाएर लागू गरेको थियो । विसं २०७४ को निर्वाचनपछि आन्तरिक मामिला तथा कानुनमन्त्री रहनुभएका शालिकराम जम्कट्टेलको नेतृत्वमा प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन बनेको थियो ।

बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले श्रमजीवी पत्रकारको सामाजिक सुरक्षा कोषका लागि रू ५० लाख प्रदान गर्ने घोषणा गर्नुभएको हो ।

सामाजिक सुरक्षा कोष परिचालन गर्ने संयन्त्रका विषयमा अध्ययन गर्न नेपाल पत्रकार महासङ्घका पदाधिकारी र सञ्चार रजिष्ट्रारलाई मुख्यमन्त्री जम्कट्टेलले आग्रह गर्नुभएको छ । मुख्यमन्त्री जम्कट्टेलले श्रमजीवी पत्रकारले नियमित पारिश्रमिक नपाइरहेको अवस्थामा उनीहरुको योगदानको कदर स्वरुप श्रमजीवी पत्रकारलाई सामाजिक विकास कोषमा लैजानुपर्ने बनाउनुभएको हो ।

बागमती प्रदेशमा पत्रकार कल्याण कोष सञ्चालन गर्न रू ३० लाख अहिले पनि छ तर प्रदेश सरकारलाई ब्याज प्राप्त हुने गरी खाता खोल्न राष्ट्र बैंकले रोक लगाएपछि उक्त रकम परिचालन हुनसकेको छैन । प्रदेश सरकारले घोषणा गरेको रू ५० लाख र प्रदेश सरकारसँग रहेको रू ३० लाखका साथै नियमित रकम सङ्कलन हुने संयन्त्र बनाएर बचत खाता खोल्ने र बीउ पुँजीलाई बचत गरिराख्ने लक्ष्य राखिएको छ । त्यसबाट प्राप्त हुने ब्याजलाई पत्रकारको हितमा उपयोग गर्ने योजना रहेको बागमती प्रदेशले जनाएको छ ।

राष्ट्र बैंकले बचत खाता खोल्न अनुमति दिएमा ज्येष्ठ पत्रकारलाई पेन्सन, दुर्घटनामा परेका, दीर्घरोगी, सुत्केरी महिला पत्रकारलाई सहयोग गर्न सामाजिक सुरक्षा कोषको रकम परिचालन गर्न सकिने योजना बनाइएको सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

तल्लो वर्गलाई माथि उठाएर मात्रै समृद्धि हासिल गर्न सकिने मुख्यमन्त्री जम्कट्टेलको भनाइ छ । उहाँको निर्णयले बागमती प्रदेशका तल्लो तहका कर्मचारी खुसी भएका छन् । प्रदेशका एकीकृत प्रादेशिक सेवा केन्द्र ११ स्थानमा बागमती प्रदेश सरकारले प्रदेशका ११ मन्त्रालयले उपलब्ध गराउने सेवालाई प्रदेशका ११ स्थानमा एकीकृत प्रादेशिक सेवा केन्द्रमार्फत् सञ्चालन गर्ने गृहकार्य थालेको छ ।

दुई वा दुई भन्दा बढी जिल्ला समेटेर बनाइएका प्रादेशिक कार्यालयबाट सेवा प्राप्त गर्न कठिन भएको गुनासो स्थानीय तहका जनप्रतिनिधिबाट आएपछि मुख्यमन्त्री शालिकराम जम्कट्टेलले १३ वटै जिल्लामा एकीकृत प्रादेशिक सेवा केन्द्र स्थापना गर्न लागिएको जानकारी



दिनुभयो ।

मुख्यमन्त्री जम्कट्टेलका अनुसार काठमाडौँ उपत्यकाका तीन जिल्लाका लागि एउटा केन्द्र रहनेछ भने बाँकी प्रत्येक जिल्ला एक-एक केन्द्र सञ्चालन गरिनेछ ।यो विषयलाई हामी मन्त्रिपरिषदबाट निर्णय गर्नेछौँ, मुख्यमन्त्री जम्कट्टेलले भन्नुभयो ।

कृषि, पर्यटन, सञ्चार, वन, उद्योगसँग सम्बन्धित कार्यालय प्रदेशको राजधानी बाहेकका जिल्लामा पनि रहे पनि नागरिकबाट गुनासो आएपछि एकीकृत प्रादेशिक सेवा केन्द्र सञ्चालन गर्न खोजिएको हो ।

भीमफेदी दक्षिणकाली सडक व्यवस्थित बनाउने योजना काठमाडौँ उपत्यका र प्रदेशको राजधानी हेटौँडा पुग्ने सडकलाई प्रदेश सरकारले व्यवस्थित गर्ने भएको छ । प्रदेशको राजधानी हेटौँडा पुग्न कठिन भएको, राजधानी अपायक परेको गुनासो आएपछि मुख्यमन्त्री जम्कट्टेलले कुलेखानीदेखि दक्षिणकालीसम्मको सडकलाई व्यवस्थित बनाउने योजना बनाउनुभएको छ । हेटौँडा, भीमफेदी, कुलेखानी, फाखेल, हुमाने दक्षिणकालीको सडकमा सञ्चालन हुने सवारी साधनलाई तीन महिना कान्तिपथबाट सञ्चालन गरिने उहाँको भनाइ छ ।

भौतिक पूर्वाधारमन्त्री युवराज दुलालसँग मुख्यमन्त्री जम्कट्टेलले छलफल गरेपछि उक्त योजना बनाउनुभएको हो ।

यस्तै, ६३ वर्ष अगाडि बनेको मकवानपुरगढी, ठिङ्गन, बागमती, भट्टेडाँडा, चापागाउँको सडकका अधिकांश स्थानमा कालोपत्र र ढलान भएको छ भने केही ठाउँमा अझै कच्ची छ । वर्षातको बेला पहिरोको जोखिम भए पनि हिउँद समयमा उक्त सडकमा सवारी सञ्चालन गर्न सकिन्छ ।रासस

# नेप्से परिसूचकमा झिनो अङ्कको वृद्धि

काठमाडौँ, २१ माघ

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार झिनो अङ्कले उकालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक एक दशमलव ५४ अङ्कले उकालो लागेर दुई हजार ९६ दशमलव शून्य आठमा पुगेको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ८९ अङ्कले उकालो लागेर चार सय दशमलव २६ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा आठ उपसमूहको शेयर मूल्यमा भने वृद्धि भएको छ ।

कारोबार भएकामध्ये एक सय आठ कम्पनीको शेयर मूल्य उकालो लाग्दा एक सय एक कम्पनीको शेयर मूल्यमा गिरावट आएको छ भने सात कम्पनीको शेयर मूल्यमा कुनै परिवर्तन भएन । कूल ५२ लाख छ हजार तीन सय ७० कित्ता शेयर रू एक अर्ब ९३ करोड १७ लाख १९ हजार एक सय तीन मूल्यमा खरिद



बिक्री भएका छन् ।

नेप्सेका अनुसार कारोबारका आधारमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी शीर्ष स्थानमा छ । सो कम्पनीको रू छ करोड ४४ लाख २४ हजार छ सय ८२ बराबरको कारोबार भएको छ । एनआइसी एशिया बैंक रू पाँच करोड ८५ लाख १६ हजार, नविल बैंक रू पाँच करोड ७४ लाख ७६ हजार तीन सय ८१, चिलिमे हाइड्रोपावर रू पाँच करोड सात लाख चार हजार नौ सय चार र हिमालयन डिस्टिलरी रू चार करोड २४ लाख ७४ हजार सात सय ५७ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार आर्दश लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । पोखरा फाइनान्स आठ दशमलव ४९, सिद्धार्थ इक्विटी फण्ड चार दशमलव २९, जानकी फाइनान्स चार दशमलव १५ र चिलिमे हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव शून्य आठ प्रतिशतले कमाएका छन् ।

इस्टर्न हाइड्रोपावर पाँच दशमलव ४५, प्रभु बैंकको ऋणपत्र चार दशमलव ८६, प्राइम लाइफ तीन दशमलव ८४, पाँचथर पावर कम्पनी तीन दशमलव ६३ र सयपत्री हाइड्रोपावरका लगानीकर्ताले तीन दशमलव ६३ प्रतिशतले गुमाएका छन् ।

आइतबारको कारोबारपछि बजार पूँजीकरण रू ३० खर्ब २४ अर्ब ७५ करोड ६९ लाख ७४ हजार सात सय ७५ बराबर रहेको छ । रासस

# शुन्य समयमा सांसदले उठाए मल, बीउ र सडक निर्माणको समस्या

काठमाडौँ २२ माघ

आइतवार बसेको प्रतिनिधिसभाको बैठकको शून्य समयमा सांसदहरुले किसानलाई मलखाद, बीउबिजनको सहज उपलब्धता, सडक निर्माण र भारतसँगको खुला सिमानाबाट सिर्जित समस्याप्रति विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

शून्य समयमा सांसद देवप्रसाद तिमिल्सिनाले पटकपटक किसानको समस्या नसुनेकोप्रति ध्यानाकर्षण गराउनुभयो । उहाँले सरकारले किसानको पीडा नसुनेको बताउनुभयो ।

सांसद वासुदेव घिमिरेले कृषिको आधुनिकीकरणका लागि कृषसँग सम्बन्धित रहेको मलखादको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । उहाँले मलखाद र बीउबिजनका लागि स्वदेशमै कलकारखाना निर्माण गर्नुपर्ने बताउनुभयो ।

सांसद तारा लामा तामाङले सिमानामा हुने अनियमितता र हिंसा रोक्न ध्यानाकर्षण गराउनुभयो । कञ्चनपुरको बेलौरीमा बन्द अवस्थामा रहेको छोटी भन्सारलाई स्तरोन्नति गरेर सञ्चालनमा ल्याउन ध्यानाकर्षण गर्नुभयो । उहाँले सिमानामा हुने हिंसा र अनियमतिता रोक्न ध्यानाकर्षण गराउनुभयो । तेजुलाल चौधरीले थारु आन्दोलन र थारु समुदायको भावनामाथि दमन गर्न काम भइरहेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद दामोदर पौडेलेले फेवा तालको सिमाङ्कनको प्रतिवेदनको कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । सांसद पौडेलले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडान र रुटको इजातजप्रति ध्यानाकर्षण गराउनुभयो । उहाँले मिर्गौला बिरामीका लागि डाइलासिस सेवा प्रभावकारी बनाउन पोखरामा डाइलासिस सेवा केन्द्र निर्माण गर्न ध्यानाकर्षण गराउनुभयो । सांसद दीपक खड्का संखुवासभा जिल्लामा हुने विद्युत् उत्पादनको करिब सात लाखको शेयर सस्तो ब्याजदरमा स्थानीयलाई उपलब्ध गराउन ध्यानाकर्षण गर्नुभयो ।

सांसद दीपा शर्माले बाँकेमा निर्माणाधीन औद्योगिक क्षेत्रलाई तीव्र गति दिनुपर्ने बताउनुभयो ।

सांसद दुर्गा राईले भोजपुर जिल्लाको सडानन्द नगरपालिकामा निर्माणाधीन जलविद्युत् आयोजनाले स्थानीयलाई अन्याय गरेको बताउनुभयो । उहाँले जथाभावी सुरुङ खन्दा बस्ती नै जोखिममा परेकोप्रति ध्यानाकर्षण गराउनुभयो ।

सांसद धवलशमशेर राणाले नेपालगञ्जबाट भारतको विभिन्न क्षेत्रमा हुने हवाई उडानको व्यवस्था मिलाउन ध्यानाकर्षण गर्नुभयो । सांसद नारायणी शर्माले दाङ जिल्लाको सडक निर्माण अस्तव्यस्त हुँदा एक सय नौ जनाको मृत्युको भएको बताउनुभयो । रासस

# चौतारी स्थापना दिवसमा सरसफाई

डम्बर राई

कञ्चनरुप २२ माघ । प्रेस चौतारी नेपाल सप्तरी शाखाले संगठनको २५ औ स्थापना दिवसको अवसरमा सरसफाई कार्यक्रम गरेका छन् ।



शाखाको आयोजनामा नेपाल प्रहरी, सामुदायिक प्रहरी र सशस्त्र प्रहरी बल समेतको टोलीले आइतवार विहान हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह स्थित कंकालिनी भगवती मन्दिर सरसफाई गरेको हो । सरसफाई पछि प्रहरी, मन्दिर विकास समितिबीच मन्दिरको गतिविधि तथा वस्तुस्थिति लगायत संदर्भमा शाखाले जानकारी लिदै भावि दिनहरुमा पनि मन्दिरमा कुनै न कुनै कार्यक्रम तथा सहयोग जुटाउन आवश्यक पहल गर्ने जनाइएको छ ।

सो अवसरमा चौतारीका केन्द्रिय सदस्य एवं जिल्ला इन्चार्ज खगेन्द्र कार्कीले संगठनको विस्तार तथा सुदृढिकरणको वारेमा संक्षिप्तरुपमा चर्चा गर्दै सप्तरी संगठनमा सुधार आएको बताए । आवश्यकता परिपूर्तिसंगै विकासमा जोड दिने माध्यमको रुपमा संगठन स्थापना गरिएको हुन्छ र निश्चित उद्धेश्यमा पुर्‍याउन यसले मद्धत गर्दछ उनले भने जिल्लामा सकरात्मक विचार र उर्जाशिल शक्ति निर्माण भएका छन् । यस्तै इलाका प्रहरी कार्यालय भारदहका इन्चार्ज प्रहरी नायव निरिक्षक राम आशिष महत्तोले भने कुनैपनि संरचना वा उधमप्रति हेरचाह र संरक्षण गर्न हामी सबको कर्तव्य हो । हाम्रो भन्ने ज्ञानको विकास अझै हुन सकेका छैनन् यसैका कारण हरेक सार्वजनिक स्थान असुरक्षित र अव्यवस्थित छन् यस्तो हुने अर्को कारण हो अनुशासनहीन उनले भने ।

जहाँ मन्दिर, हाट बजार, चौक लगायत सार्वजनिक स्थान फोहर मैला रहन्छ त्यहाँका समाज अनुशासनहीन छ भनेर बुझिन्छ । सई महत्तोले भारदहका हटिया र खाजा नास्ता पसलको खुल्ला बिक्री वितरणलाई व्यवस्थापन गर्न आफ्नो आवश्यक पहल रहने बताए । शाखाका अध्यक्ष डम्बर राईले स कार्यक्रममा सहभागी प्रहरी प्रशासन, मन्दिर विकास समिति र सम्पूर्ण सञ्चारकर्मीहरुलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# देवशिला उत्खन्न स्थलमा उद्यान बनाइने

मधेशदृष्टि

जनकपुरधाम, २२ माघ । भारतको अयोध्यामा निर्माणाधीन रामको मन्दिरमा राखिने मूर्ति बनाउन लगिएको देवशिला उत्खनन स्थलमा उद्यान बनाइने भएको छ ।



गण्डकी प्रदेश सरकारले मधेस सरकार र मधेस प्रदेश सरकारले संघीय सरकारमार्फत भारत सरकारलाई उपलब्ध गराएको शिला निकालिएको ठाउँमा उद्यान बनाउने तयारी गरेको हो । धार्मिकस्थल गलेश्वर नजिकै पर्ने बेनी नगरपालिका-६ सेतीपहिरोस्थित कालीगण्डकी नदी किनारबाट दुई शिला अयोध्या र एक शिला जनकपुरधाम लगिएको थियो । नगर उपप्रमुख ज्योति लामिछानेले देवशिला निकालिएको ठाउँको संरक्षण र प्रचारप्रसार गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न स्मारकसहितको उद्यान बनाउन लागिएको जानकारी दिइन् ।

देवशिला उत्खनन भएको गलेश्वर क्षेत्रलाई हिन्दू तथा वौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ । देवशिला लगिएपछि भारतबाट आएका तीर्थयात्रीले स्नान र अवलोकन गर्न थालेका छन् । हिन्दूको प्रशिद्ध धार्मिकस्थल अयोध्यामा भगवान श्रीरामको बालरुपको मूर्ति निर्माण गर्न शालिग्राम शिला पाइने विश्वकै एकमात्र नदी कालीगण्डकीको शिला लगिएको छ । नेपाल सरकार मन्त्रिपरिषद् बैठकको निर्णयानुसार १८ र १६ मेट्रिकटन तौल भएका, सात फिट लम्बाइ, पाँच फिट चौडाइ तथा ३ दशमलव ५ फिट मोटाइका दुई शिला उपहार दिइएको हो ।

नगर प्रमुख सुरत केसीले देवशिला लिन आएका रामलीला मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पङ्कज लगायतले स्मारक र उद्यान निर्माणमा सघाउने प्रतिबद्धता जनाएको बताए । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर आर्थिक स्रोत जुटाउन प्रस्ताव गरिने उनले बताए । स्मारक र उद्यानका साथै कालीगण्डकी नदीमा स्नान स्थल बनाउने योजना रहेको छ । कालीगण्डकी नदीका अध्येता कुलराज चालिसेले देवशिला उत्खननस्थल नजिकै फोहर फाल्ने ठाउँ स्थानान्तरण गर्नुपर्ने बताए ।

# सई तामाङ्गले लाखौ रुपैया ठगेको आरोप

मधेशदृष्टि

काठमाडौँ, २२ माघ । नेपाल प्रहरीका एक प्रहरी नायव निरीक्षक (सई) माथि एकल महिलासँग योजनाबद्ध रूपमा लाखौँ ठगेको आरोप लगाइएको छ ।

एक जना महिलाले प्रहरी प्रधान कार्यालय स्थित सवारी महाशाखामा कार्यरत महोत्तरीको बर्दिबास निवासी सई मदनबहादुर तामाङले 'विवाह गर्छु' भनेर आफूसँग लाखौँ ठगेको आरोप लगाएकी हुन् । ५० वर्षीया ती महिलाले तामाङविरुद्ध गृह मन्त्रालय र प्रधानमन्त्री कार्यालयसहित विभिन्न निकायमा उजुरी गरेकी हुन् ।

२०७२ मा पहिलो पटक प्रहरी वृत्त थिमीमा उजुरी गरे पनि विभागीय कर्मचारी भनेर प्रहरीले छलफल नै नगराएपछि ती महिला प्रहरीका विभिन्न युनिट घुमेर गृह मन्त्रालयमा पुगेकी थिइन् । नवलपरासी पश्चिमको कावासोतीमा बस्ने पीडित महिला र मदनको बीचमा २०६४ साल मा फोन मार्फत चिनजान भएको थियो । सुरुमा भेट हुँदा आफूलाई मदनले प्रहरी भनेर पनि चिनाएनन् । वास्तविक नाम लुकाएर सुशन थापाको रूपमा आफूलाई चिनाए । '२०६४ मा मलाई बुटवलमा भेट्न बोलाए' पीडित महिला भन्छिन्–'भैरहवामा हाकिमको घरमा काम गर्छु भन्थे, नाम पनि ढाँटेका रहेछन् ।' विभिन्न बहानामा आफ्नो कावासोतीको जग्गा र भक्तपुर स्थित कौशलटारको घर बेच्न लगाएर तामाङले ५४ लाख ठगेको ती महिलाले बताइन् । रातोपाटीसँग कुरा गर्दै उनले भनिन्–'मैले डायरीमा टिपोट राखेको छु, अहिलेसम्म मेरो ५४ लाख गएको छ ।' गृह मन्त्रालयको उजुरी तथा गुनासो शाखामा एकल महिलाले सई तामाङबारे उजुरी गरेको गृह मन्त्रालयका प्रवक्ता (सह-सचिव) फणीन्द्र पोखरेलले बताए । पोखरेल भन्छन्–' आवश्यक छानबिन भइरहेको छ ।'

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पनि 'अनाथ एकल' महिलालाई ठगेको बारे छानबिन र कारबाही गर्न गृह मन्त्रालयलाई पत्राचार गरेको छ । २०७९ जेठ ३१ मा प्रधानमन्त्री कार्यालयको पत्रका आधारमा गृह मन्त्रालयले प्रहरीलाई लेखेको पत्रमा भनिएको छ-'अनाथ एकल महिलालाई ठगी श्रीमतीको नाममा जग्गा किनेको भन्ने गुनासो प्राप्त भएको छ, गुनासोको विस्तृत जानकारी पत्र संलग्न कागजातबाट अवगत गर्नु भई त्यसमा के भएको हो, आवश्यक छानबिन तथा कारबाही गरी जानकारी यस मन्त्रालयमा पठाउनु हुन आदेशअनुसार अनुरोध छ ।'

ती एकल महिलाले सई तामाङ २०६४ मा फोन गरेर भैरहवा स्थित बुद्धचोकमा फिल्म हेर्न बोलाए । भैरहवा र बुटवलमा ३ पटक भेटेपछि तामाङले बहाना बनाएर पैसा मागेको आरोप लगाएकी छिन् ।

आफू अविवाहित बताएका तामाङले बुवाको मुटुको अप्रेशन र मोतीबिन्दुको अप्रेशन गर्ने बहानामा सुरुमा पैसा लिए । त्यसपछि ती महिलालाई उनले काठमाडौँ बोलाए । 'कावासोतीको घर जग्गा बेचेर म २०६८ मा काठमाडौँ आएँ' ती महिलाले भनिन् -'मोटरसाइकल किन्न र अन्य समस्या देखाएर उनले मागेजति पैसा मैले दिँदै गएँ ।'

## जरिवाना मिनाहाका ..................................

छलफल अघि बढाइएको छ । त्यसका लागि ७५३ वटा स्थानीय तहबाट हस्ताक्षरसहितको निवेदन संकलन गर्ने क्रम जारी रहेको उनले बताइन ।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई कानुन बमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कारबाही गर्ने सम्बन्धमा निर्वाचन आयोग गत भदौ ३१ मा निर्णय गरेको थियो । निर्वाचन खर्चको विवरण नबुझाएको कारण आयोगले १ लाख २३ हजार ६ सय ५० जना उम्मेदवारलाई कारबाही स्वरूप १ लाख ५० हजार देखि ७ लाख ५० हजारसम्म जरिवाना गर्ने निर्णय गरेको थियो ।

निर्वाचन आयोगले कानुनबमोजिम निर्वाचन खर्च नबुझाउने १ लाख २३ हजारभन्दा धेरै उम्मेदवारलाई जरिवाना तोकेर नाम सार्वजनिक गर्दै छ महिनाभित्र जरिवाना तिर्न सूचित गरेको थियो । जरिवाना तिर्नुपर्ने समयावधि फागुन मसान्तसम्मको रहेको छ ।

जरिवानाबाट २४ अर्ब असुल हुने

राष्ट्रपतिबाट स्थानीय तह निर्वाचनमा खर्च विवरण नबुझाउने उम्मेदवारहरूबाट आउने जरिवाना मिनाहा भएको अवस्थामा निर्वाचन आयोगको २४ अर्ब रूपैयाँभन्दा बढी आम्दानी गुम्ने भएको छ ।

निर्वाचन आयोगले जरिवाना तिर्नुपर्ने लिस्टमा राखेका एक लाख २३ हजार ६ सय ५० जना उम्मेदवारबाट आयोगले २४ अर्ब ६३ करोड ८८ लाख रूपैयाँ असुलिने हिसाव राखेको छ ।

आयोगका अनुसार देशभरका ६ महानगरका पाँच मेयर जरिवाना तिर्नपर्ने सूचीमा छन् । जरिवाना बुझाउनुपर्ने सूचीमा काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह, चितवन महानगरकी मेयर रेणु दाहालदेखि धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङसम्म छन् ।

महानगरपालिकामा प्रमुख र उपप्रमुख पदमा उम्मेदवारी दिएका २सय ८ उम्मेदवारले खर्च विवरण बुझाएका छैनन् । तिनीहरुबाट साढे सात लाखको दरले १५ करोड ६० लाख रूपैयाँ जरिवाना उठाउन सक्ने हिसाव आयोगको छ ।

यस्तै महानगरपालिकामा वडाध्यक्ष र सदस्यहरूमा उम्मेदवारी दिएका ३ हजार ५ सय ३० जनाले जनही तीन लाख रूपैयाँको दरले एक अर्ब पाँच करोड ९० लाख रूपैयाँ जरिवाना संकलन हुने छ । ११ उपमहानगरपालिकामा मेयर र उपमेयर पदमा उम्मेदवारी दिएका २ सय १८ जनाबाट जनही ५ लाख ५० हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने भएको हुन्छ । यसबाट आयोगलाई ११ करोड ९९ लाख रूपैयाँ प्राप्त हुनेछ ।

११ उपमहानगरपालिकामा वडाध्यक्ष र सदस्य पदमा उम्मेदवारी दिएर खर्च विवरण नबुझाउने ५ हजार १६६ जनाबाट जनही दुई लाख ५० हजारका दरले एक अर्ब २९ करोड १५ लाख रूपैयाँ प्राप्त हुनेछ । देशभरका २सय ७६ नगरपालिकामा मेयर र उपमेयर पदमा उम्मेदवारी दिएका ३ हजार ७सय ५६ उम्मेदवारबाट एक अर्ब ६९ करोड २ लाख रूपैयाँ जरिवाना असुलिन सक्छ । नगरपालिकाको वडाध्यक्ष र वडासदस्यमा उम्मेदवारी दिएर खर्च विवरण नबुझाउने ५७ हजार ३ सय ४४ उम्मेदवार हरूबाट आयोगले ११ अर्ब ४६ करोड ८८ लाख रूपैयाँ असुल गर्ने भएको छ ।

मुलुकका ४ सय ६० गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा उम्मेदवारी दिएर खर्च विवरण नबुझाउने ४ हजार १सय ९६ जनाबाट आयोगले १ अर्ब ४६ करोड ८६ लाख रूपैयाँ संकलन गर्नेछ । गाउँपालिकाका ४९ हजार २३२ वडाध्यक्ष तथा सदस्यहरुबाट जनही एक लाख ५० हजार रूपैयाँका दरल ७ अर्ब ३८ करोड ४८ लाख रूपैयाँ संकलन हुने छ ।

स्थानीय तह निर्वाचनमा आयोगले पाँच अर्ब चार करोड ३ लाख ९२ हजार ८ सय ७६ रूपैयाँ खर्च गरेको थियो । आयोगलाई निर्वाचन खर्चभन्दा पाँच गुणा बढी जरिवाना प्राप्त हुने देखिन्छ ।

## निर्यात बढाउन कानुनी ..................................

ताक्नेमात्रै हो । हामी कमजोर छौं, हामीले सक्दैनौं भन्ने मानसिकताबाट काम हुन सक्दैन । निर्यात प्रवर्द्धनका लागि राज्यले निजी क्षेत्रलाई देखाउँछ भने निजी क्षेत्रले सरकारलाई देखाउँछ । यद्यपि, व्यापार प्रवर्द्धनका लागि बढी जिम्मेवार हुने भनेको निजी क्षेत्रले नै हो । नेपाललाई अति कम विकसित (एलडिसी) मुलुकबाट विकासशील मुलुक (डिसी) का रूपमा लैजाने भनिरहेका छौं । संयुक्त राष्ट्र संघ (युएन) ले जसरी अतिकम विकसित, विकासशील र विकसित मुलुकका रूपमा देसलाई परिभाषित गरेको छ, डब्लुटिओले त्यसैलाई हेर्छ र स्वीकार्छ । डब्लुटिओले आफैं एलडिसी र डिसी भनेर चिन्दैन । अन्तर्राष्ट्रिय कानुन एकीकृतरूपमा परिभाषित गर्नका लागि सबैले त्यही स्वीकारेका छन् । अहिले नेपाल अल्पविकसितबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदैछ । अहिले तयारी समय चलिरहेको छ र सन् २०२६ सम्ममा हामी स्तरोन्नति भइसक्नुपर्छ । युएनले भन्दैमा स्तरोन्नति गर्नुपर्ने वा हुनुपर्ने भन्दा पनि हामीलाई किन आवश्यक छ भन्ने विषय प्राथमिकतामा राखिनुपर्ने हो । युएनले आफ्ना सदस्य राष्ट्रलाई एउटा मुभमेन्टबाट सञ्चालन गरिरहेको छ र अन्तर्राष्ट्रिय फोरमहरूमा न्यायका लागि बोल्ने, प्रजातन्त्रका लागि बोल्ने संस्थाका रूपमा युएनको आफ्नै महत्व छ । तर, युएनले निर्धारण गरेका सूचक पूरा गरिसकेपछि र हामी विकासशील मुलुकमा स्तरोन्नति हुँदा पाउने फाइदा के हो भन्ने कुरामा पनि हामी स्पष्ट हुनुपर्छ । विकासशील मुलुक भइसकेपछि हामीले डब्लुटिओबाट पाउने व्यापारसम्बन्धी सुविधा के हुन् र हामीले के गुमाउँछौं र के पाउँछौं भन्ने खोजिनीतिको विषय हो । अरू सार्क, बिमस्टेकलगायत फ्रेमवर्कभित्रको व्यापार र अन्तरदेशीय सम्झौताका आधारमा हुने व्यापारमा हामी विकासशील मुलुकमा स्तरोन्नति हुँदा त्यसको असर देखिँदैन । मुख्य भनेको डब्लुटिओले दिइरहेका सुविधाका विषय हुन् । व्यापारसँग सम्बन्धित अन्तरदेशीय सम्झौताको कुरा गर्दा के भारतले नेपालसँगको व्यापारमा डब्लुटिओका प्रावधान मान्छ त ? अथवा सार्क, बिमस्टेकजस्ता क्षेत्रीय र बहुपक्षीय सम्झौताले पनि अल्पविकसित र विकासशील देशका रूपमा कुनै निश्चित सेवा सुविधा पाउने भन्ने विषय चिन्दैन । विकासशील मुलुकमा स्तरोन्नति हुँदा डब्लुटिओले दिइरहेका कम्प्लाएन्स हामी गुमाउँछौ । विकासशील मुलुकलाई डब्लुटिओले अतिकम विकसित मुलुकलाई जस्तो सुविधा दिँदैन । यसकारण स्तरोन्नतिपछि अन्तर्राष्ट्रिय बजारले नेपाललाई फरक तरिकाले हेर्छ भनेर हामीले बुझ्न जरुरी छ । व्यापारमा पाउने सुविधा नपाए पनि स्तरोन्नतिबाट हुने फाइदा भनेको प्रत्यक्ष वैदेशिक लगानीबाट हो । स्तरोन्नति हुँदा वैदेशिक लगानीका लागि वातावरण बन्छ । किनकि, आन्तरिक लगानी वातावरण र अर्थतन्त्रका विभिन्न आयाम सुदृढ भएका कारण नै हामी स्तरोन्नति हुने हो । नेपालले अहिले स्तरोन्नति हुन्न भन्न पाउँछ कि पाउँदैन भन्ने पनि प्रश्न छ ।

युएनको विज्ञ समूहले स्तरोन्नतिका लागि अनुमोदन गरेर नेपाललाई संकल्प गराइसकेको अवस्थामा हामीले गर्नुपर्ने काम के भनेर खोज्न जरुरी छ । यसरी स्तरोन्नति हुँदा व्यापारमा पाइरहेका सुविधा कटौती हुन्छ भनेर स्पष्टसँग भनेको छ । अब हामीले स्तरोन्नतिपछि हाम्रो प्रतिस्पर्धी क्षमता कुन वस्तु तथा सेवामा कहाँनेर छ भनेर खोज्ने कि नखोज्ने ? तर सरकार र निजी क्षेत्र दुवैले अहिलेसम्म पनि स्पष्टरूपमा अहिले अल्पविकसित मुलुक हुँदा के फाइदा पाइरहेको थियो र विकासशील हुँदा के पाउँछ भनेर भन्न सकेका छैनन् । अहिले अर्थतन्त्रमा देखिएको विदेशी मुद्रा सञ्चितिको सोझो सम्बन्ध वैदेशिक व्यापारसँग पनि छ । अहिले आयात निकै बढेका कारण विदेशी मुद्रा सञ्चिति घटेर त्यसले अर्थतन्त्रका अरू सूचकलाई पनि प्रभावित तुल्याएको छ । मुद्रा सञ्चिति बढाउन हामीले गरिराखेको भनेको कि वस्तु तथा सेवाको निर्यातबाट हो भने कि जनशक्ति निर्यातबाट हो । त्यसमा पछि ठूलो अंश त रेमिट्यान्सले नै धानिरहेको छ । तर, पछिल्लो समय रेमिट्यान्स मात्रले धानेन । रेमिट्यान्स पनि बैध तरिकाले आइरहेको छैन । उपभोग बढेसँगै आयात पनि बढिरहने तर डलर सञ्चिति नबढ्ने हो भने त हामी समस्यामा जान्छौं । हामीसँग डलर पो नभएको त, नत्र हामी महँगा गाडी र विलासिताका वस्तु खरिद गरिरहेकै छौं । अब हामीले हेर्नुपर्ने कुरा के हो भने के हाम्रो आवश्यकता महँगा गाडी र मदिरा हो त ? पक्कै होइन । हामीलाई त औषधी र मेडिकल उपकरण चाहिएको छ । महँगा गाडी किन्दै जाँदा हामी अलि धेरै मूल्य पर्ने उच्च प्रविधिको मेडिकल उपकरण नै किन्न नसक्ने अवस्थामा त पुग्दैनौं ? मुख्य प्रश्न यो हो । आपूर्ति शृङ्खला बजारले निर्धारण गर्छ भन्ने मान्यता राखिन्छ । तर, यसमा राज्यको नियमनकारी र निजी क्षेत्रको कार्यन्वयनकारी भूमिका खोज्नु अहिलेको आवश्यकता हो । सँगसँगै अन्तर्राष्ट्रिय कानुन, सन्धि सम्झौताले के भन्छन् र तिनको प्रयोगबाट कसरी अधिकतम लाभ लिने भन्ने सवालमा हामी चुक्न हुन्न । विश्व खाद्य संगठनका प्रावधान निर्यातक मुलुकलाई बढी सहयोगी र काम लाग्ने हुन्छन् । निर्यात गरेर बाहिर पठाउँदा त्यसमा कुनै प्रकारको रोक लाग्छ कि लाग्दैन भनेर डब्लुटिओको प्रावधानले के भन्छ भनेर हेर्न जरुरी छ । डब्लुटिओको व्यवस्थाले बढी वस्तु निर्यात गर्ने देशलाई फाइदा गर्ने हो । यदि हामी निर्यात नबढाउने र लाभ लिन नसक्ने हो भने स्तरोन्नति हुने वा नहुने विषयमाथि बहस गर्नुको कुनै तुक छैन ।

घिमिरे कानून व्यवसायी हुन् । (साभार : नेपाल आर्थिक पत्रकार समाजको प्रकाशन, अर्थनीति, सेजन स्मारिका २०७९)

## रुट परिवर्तन पछि ..................

अल्टिमेटम दिदै आएको छ ।'प्रत्येक पटक सूचना निस्किएपछि आयातकर्ता सरकारदेखि भारतीय निकाय गुहार्नु परेको छ । तर, नेपल सरकारले अहिलेसम्म यसको दीर्घकालीन विकल्पप दिन सकेको छैन । आईसीपी सञ्चालनमा आएको ४ वर्षमा यो नाकाको अधीकांश आयात निर्यात यही एकीकृत पूर्वाधार मार्फत भए पनि कोइला, आइरन ओर, स्ल्याग जस्ता लुज कार्गो र केही परिमाणमा आइरन ब्लेड, आइरन रोल लगायत औद्योगिक कच्चा पदार्थ पुरानै रक्सौल -वीरगंज हुँदै भित्रिदै आएको थियो । यसअघि भारतबाट डस्टी कार्गो बोकेका दैनिक १ सय ७० देखि २ सय टिपरसम्म भित्रिने गरेका थिए । भारतीय रेल्वेबाट अनलोड गरी टिपरमा कोइला, स्लयाग, नुन, मल, जिप्सम, आइरन धूलो र फलाम वीरगन्जसम्म ल्याउने गरिन्छ ।

## प्रचण्ड र उपेन्द्र ......................

प्रदेश संसदीय दलका नेता भरत साहले पार्टी अनुसार फरक-फरक निर्णय भएपनि मुख्यमन्त्रीले दिन नचाहेको आरोप लगाएका छन् । उनले भने, 'पाँच जनामा एकजना सांसद दिने सहमति भएअनुसार माओवादीले दुईटा मन्त्रालय पाउनुपर्छ ।' केन्द्रमा भएको सहमति अनुसार प्रदेशमा कार्यान्वयनमा हुनुपर्छ । जसपाले मुख्यमन्त्री, एमालेले सभामुख, जनमतले उपसभामुखे पाएपछि माओवादीले पनि रोजेर दुईटा मन्त्रालय लिन पाउनुपर्ने सहमति केन्द्रमा भएको थियो तर सो अनुरुप मुख्यमन्त्रीले दिन नचाहेको कारण सरकारमा सहभागी नभएको माओवादीका एक नेताले बताएका छन् ।

साहको भनाईमा मुख्यमन्त्री यादवले केन्द्रमा भएको सहमति अनुसार नै हामीले प्रदेशमा सरकार गठन गरेको दाबी गरेका छन् । उनले भने माओवादीलाई दुईटा मन्त्रालय दिने सहमति केन्द्रमा भएको जस्तो आफूलाई लाग्दैन ।

मधेस प्रदेशमा पाँचजना सांसद बराबर एउटा मन्त्री दिने दलहरुको बीचमा सहमति भएको छ । सो सहमति अनुसार एमालेले २५ जना प्रदेश सांसदमा चारजना मन्त्री र एकजना राज्यमन्त्री पाएको छ । एमालेलाई सभामुख पनि दिइएको छ । जसपासँग १८ जना प्रदेश सांसद छन् । उसले मुख्यमन्त्री सहित तीनजना मन्त्री र एकजना राज्य मन्त्री लिएको छ । जनमत पार्टीसँग १३ जना प्रदेश सांसद रहेकोमा दुई मन्त्री र एकजना राज्यमन्त्री सँगै उपसभामुख पाएको छ ।

## शिक्षामा दरबन्दी ..............

सरकार संञ्चालन ऐन अन्तर्गत वर्तमान अवस्थामा जम्मा तेईस ओटा शिक्षा संबन्धी नियम कानुन बनिसकेकाछन् भने त्यसमा यी नियमहरु पर्दछन् कि पर्दैनैन् ? यदी पर्दछन् भने कार्यान्वयन किन भएन?स्थ(ानीय पाठयक्रम लागु गर्नु लगायत समयमा शिक्षकह(रुका निकासा गर्नु सम्बधित सबै सरोकारवालाको नैतिक जिम्मेवारी हुन जान्छ।यस सम्बन्धी शिक्षा क्षेत्रका अन्य जल्दोबल्द समस्याहरु जस्ता कि विद्यालयहरुमा रहेका रित्त दरबन्दिको उचित व्यवस्थ(ापन समयमा समाधान भएन भने,वर्तमान सरकारको तीनै तह उति नै दोषी देखिनेछन्। अन्यथा आ आफनो जिम्मेवारी वहनगरी शिक्षा क्षेत्रको तह(सनहस अवस्थालाई यदी लापरवाह गर्दै जाने हो भने दिनप्रति दिन अझै विकराल दुष्परिणाम हमी सबैले वेर्होनु पर्दै जानुपर्दछ भन्ने आशंकामा दुई मत नहोला ।

यादव : स्थानीय भाषा, सस्कृतीमा जानकार शिक्षक हुन् ।





युक्रेनी सैनिकहरू फेब्रुअरी ४, २०२३ मा, युक्रेनमा रूसी आक्रमणको बीचमा डोनेट्स्क क्षेत्रमा फ्रन्टलाइन नजिकैको आफ्नो बेस तर्फ बाटोमा हिंड्दै ।
*(तस्बिर यासुयोशी चिबा / एएफपी)*


# कटहरिया ५ मा खेलाडीहरुलाई क्रिकेट सामाग्री वितरण

आरके श्रीवास्तव
गरुडा,२२ माघ।रौतहट जिल्लाको कटहरिया नगरपालिका वडा नम्बर ५ का खेलाडीहरुलाई क्रिकेट सामाग्री वितरण गरिएको छ। आइतवार एक कार्यक्रमका बिच वडा अध्यक्ष सर्फलाल गुप्ताले सो क्रिकेट सामाग्रीहरु वितरण गरेका हुन् । सो वडा अन्गार्तगत पर्ने कटहरिया गाउँको खेलाडीहरुलाई ब्याट,स्टेम्प, बल लगायतका क्रिकेट सामाग्री हस्तान्तरण गरेको बताइएको छ।

वडा अध्यक्ष गुप्ताले कार्यक्रममा बोल्दै कटहरिया वडा नम्बर ५ भरिका क्रिकेट टिमका खेलाडीहरुलाई खेलकूद सामग्री वितरण गर्ने योजना अनुरुप सो खेल सामग्री बितरण गरिएको बताए। बाँकी टोलका खेलाडीहरुलाइ क्रमशः वितरण गर्दै जाने उनले बताएका हुन्।

क्रिकेट सामाग्री वितरण कार्यक्रमका लागि बजेट बिनियोजन गराइ खरिद गरि क्रिकेट सामाग्री वितरण गरिएको वडा अध्यक्ष गुप्ताले जानकारी दिए । खेलाडीको मनोबल उच्च राख्न सबै खेलका लागि आवश्यक सहयोग गर्ने वडा गुप्ताले बताए। खेलकुद क्षेत्रमा अगाडी बढाउन वडाले कुनै कसर बाँकी नराख्ने भन्दै वडाभित्र खेलको विकासका लागि आफूले निरन्तर सहयोग गर्ने उनले बताए।

# चिनियाँ 'बेलुन' समुद्रमा खसालियो



वासिङ्टन, २२ माघ
अमेरिकी वाइडेन प्रशासनले शनिबार अमेरिकी एटलान्टिक तटमा 'चिनियाँ बेलुन' खसालेकोमा पेन्टागनको प्रशंसा गरेको छ। तर चीनले यस कदमप्रति आफ्नो 'कडा असन्तोष' व्यक्त गर्दै 'आवश्यक प्रतिक्रिया' दिन सक्ने बताएको छ।

उक्त वेलुनले उत्तर अमेरिकी क्षेत्रमा केही दिन बिताएको पेन्टागनका अधिकारीहरूले बताएका छन् । पेन्टागन स्रोतका अनुसार एफ-२२ विमानबाट क्षेप्यास्त्र प्रहार गरी दक्षिणपूर्वी राज्य दक्षिण क्यारोलिनाको तटमा उक्त वेलुनलाई खसालिएको हो।

चीनले हाम्रो सार्वभौमिकताको अस्वीकार्य उल्लङ्घन गरेको प्रतिक्रियास्वरूप वेलुन खासाल्नु 'जानाजानी गरिएको र विधिसम्मत कदम' हो, अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले भन्नुभएको छ । तर चीनको विदेश मन्त्रालयले आइतबार बिहान एक विज्ञप्ति जारी गर्दै अमेरिकी कदमको निन्दा गर्दै 'नागरिक' विमान (वेलुन) खसालेको घटना' स्पष्ट रूपमा अतिरञ्जित र अन्तर्राष्ट्रिय अभ्यासको गम्भीर उल्लङ्घन' भएको बताएको छ।

एक वरिष्ठ रक्षा अधिकारीले पत्रकारहरूसँग भन्नुभयो,शनिबार अपरान्ह सेनाले बेलुनलाई 'अमेरिकीहरूको सुरक्षाको लागि खतरा उत्पन्न नगर्ने गरी' खसाल्ने पहिलो मौका थियो। प्रत्यक्षदर्शीले सामाजिक सञ्जालमा पोस्ट गरेको भिडियोमा बेलुन सेतो पफमा टुक्रिएको जस्तो देखिएको थियो र यसको अवशेष तल एटलान्टिक महासागरमा सिधै खसेको देखिएको छ । ट्विटर प्रयोगकर्ता हेली वाल्शले दक्षिण क्यारोलिनाको एक लोकप्रिय रिसोर्ट शहर मर्टलबिचमा विस्फोटको आवाज सुनेको र महसुस गरेको बताउनुभएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेनले शनिबार बेलुनको 'निगरानी गर्ने' बताउनुभएको थियो।

बाइडेनले मेरिल्याण्डमा पत्रकार हरूसँगको कुराकानीमा भन्नुभयो, "उनीहरूले यसलाई सफलतापूर्वक तल झारे। म यस कार्यमा सरिक हुने हाम्रा 'एभिएटर्स'को प्रशंसा गर्छु, बाइडेनले मेरिल्याण्डमा पत्रकारहरूलाई भने।

घटनालाई चीनले 'स्पष्ट रूपमा अतिरञ्जित' भनेको छ।

अमेरिकी अधिकारीहरूले अमेरिकी आकाशमा एउटा ठूलो चिनियाँ 'सर्भिलेन्स बेलुन' ट्र्याक गरिरहेको बताएपछि बिहीबार विवाद सुरु भएको थियो।

घटनापछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले अमेरिका र चीनबीच बढ्दो तनावलाई नियन्त्रण गर्न गर्ने भनिएको बेइजिङको दुर्लभ भ्रमण रद्द गर्नुभएको छ । प्रारम्भिक हिचकिचाहट पछि, बेइजिङले 'एयरशिप' को स्वामित्व स्वीकार गरेको छ। तर, यसलाई मौसम अनुसन्धानका लागि गरिएको एउटा नागरिक बेलुन भन्दै यो घटनाप्रति 'खेद' व्यक्त गर्दछ।

तर शनिबारको प्रतिक्रियापछि विदेश मन्त्रालयले 'मानवरहित नागरिक हवाई जहाजमाथि आक्रमण गर्न संयुक्त राज्य अमेरिकाले बल प्रयोग गरेकोमा चीनको कडा असन्तोष र विरोध' व्यक्त गरेको छ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ,संयमित ढङ्गले जवाफ दिनुको साटो संयुक्त राज्य अमेरिकाले बल प्रयोग गर्न जोड दिएको छ।

विज्ञप्तिमा भनिएको छ, चीनले सम्बन्धित उद्यमहरूको वैध अधिकार र हितको दृढतापूर्वक रक्षा गर्नेछ र थप आवश्यक प्रतिक्रिया हरू दिने अधिकार सुरक्षित राख्नेछ । (रासस/एएफपी)

# पाकिस्तानका पूर्व राष्ट्रपति मुशर्रफको निधन

इस्लामावाद, २२ माघ
पाकिस्तानका पूर्व सैनिक जनरल तथा राष्ट्रपति परवेज मुशर्रफको निधन भएको सेनाले आइतबार जानकारी गराएको छ। उहाँ ७९ बर्षको हुनुहुन्थ्यो।

पाकिस्तानका पूर्व राष्ट्रपति मुशर्रफको आइतबार संयुक्त अरब इमिरेट्स (युएई) को दुबईस्थित अमेरिकी अस्पतालमा निधन भएको हो।

सेनाका वरिष्ठ प्रमुखहरूले जनरल मुशर्रफको दुःखद निधनप्रति हार्दिक समवेदना व्यक्त गरेको सेनाको सञ्चार शाखाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।अल्लाहले दिवंगत आत्मालाई



आशीर्वाद दिऊन् र शोक सन्तप्त परिवारलाई शक्ति प्रदान गरून्, विज्ञप्तिमा भनिएको छ। उहाँको परिवारका सदस्यलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले पूर्व सैनिक जनरल तथा पाकिस्तानी पूर्व राष्ट्रपतिको 'एमाइलोइडोसिस' का कारण निधन भएको उल्लेख गरेका छन् । मुशर्रफलाई स्वास्थ्यमा गम्भीर समस्या देखिएपछि अस्पताल भर्ना गरिएको पाकिस्तानी सञ्चारमाध्यमबाट प्रशारित समाचारमा जनाइएको छ।

मुशर्रफ सन् २०१६ देखि उपचारका लागि दुबईमा बस्दै आउनुभएको थियो । स्थानीय सञ्चारमाध्यमका अनुसार केही महिना पहिले मुशर्रफले आफ्नो बाँकी जीवन आफ्नै देशमा बिताउने इच्छा व्यक्त गर्दै आफ्नो नीजी वकिलमार्फत् पाकिस्तानी सरकारलाई निवेदन दिनुभएको थियो।

'द एक्सप्रेस ट्रिब्यून' पत्रिकाका अनुसार पूर्व राष्ट्रपति जतिसक्दो चाँडो पाकिस्तान फर्कन चाहनुहुन्थ्यो।

मुशर्रफ सन् १९९९ मा भएको सफल सैन्य 'कू' पछि पाकिस्तानका दशौं राष्ट्रपति हुनुभएको थियो । उहाँले सन् १९९८ देखि २००१ सम्म पाकिस्तानको ज्वाइन्ट चिफ अफ स्टाफ कमिटी (सीजेसीएससी) को १० औं अध्यक्ष र सन् १९९८ देखि २००७ सम्म सातौं शीर्ष जनरलको रूपमा काम गर्नुभएको थियो। (रासस/एएनआई)

# चिलीको डढेलोमा परी तेईस जनाको मृत्यु



चिली, २२ माघ
चिलीको दक्षिणी मध्य भागमा अत्यधिक गर्मीबीच जङ्गलमा डढेला लाग्दा कम्तीमा २३ जनाको मृत्यु भएको एक वरिष्ठ सरकारी अधिकारीले शनिबार बताउनुभएको छ।

डढेलोमा ज्यान गुमाउने २३ जनाको निधनप्रति हामी शोक व्यक्त गर्दछौं, उपगृहमन्त्री म्यानुअल मोन्साल्वेले भन्नुभयो।प्रारम्भिक रिपोर्टमा डढेलोमा परी कम्तीमा ९७९ जना घाइते भएका जानकारी प्राप्त भएको छ, उहाँले बताउनुभयो।

मोन्साल्वेका अनुसार शनिबार पनि २३२ स्थानमा डढेलो सक्रिय रहेको थियो। जसमध्ये १६ स्थानको डढेलो अझै निभाउन सकिएको छैन।

राष्ट्रपति गेब्रियल बोरिकको सरकारले अरौकानियाको दक्षिणी क्षेत्रलाई समावेश गरी 'सङ्कटकालीन अवस्था' को विस्तार गरेको छ । नुबल र बायोबियोका क्षेत्रहरूलाई प्राकृतिक विपद् क्षेत्रका रूपमा हेर्ने गरिएको छ । ' मृतकहरूको संख्या बढ्दै गइरहेको यस अवस्थामा सङ्कटकालीन अवस्था' को विस्तारले बोरिकलाई आगोसँग जुध्न सेना परिचालनका लागि मार्गप्रशस्त भएको छ।

डढेलो क्षेत्रमा तापक्रम ४० डिग्री सेल्सियस (१०४ डिग्री फरेनहाइट) सम्म पुगेको कारण डढेलो नियन्त्रणगर्ने प्रयासमा बाधा पुगेको अधिकारीहरूले बताएका छन्।

राजधानी सान्टियागोबाट ५१० किलोमिटर दक्षिणमा रहेको कन्सेपियन शहरमा जानका लागि बिदा स्थगन गरेका बोरिकले ट्वीट गर्दै जंगलमा लागेको डढेलोसँग जुध्न र परिवारलाई सहयोग गर्न आफू निरन्तर लागिरहने बताएका छन्।

बोरिकका अनुसार अर्जेन्टिनाले अग्निनियन्त्रक र उपकरण पठाउने प्रस्ताव गरेको छ।ब्राजिल, उरुग्वे, मेक्सिको र स्पेनले पनि सहयोगको प्रस्ताव गरेको गृहमन्त्री क्यारोलिना तोहाले जानकारी दिनुभयो।

जलवायु परिवर्तनको विकासक्रमका कारण हामी डढेलोको जोखिममा रहेका देशहरूमध्ये एक बनिरहेका छौं, उहाँले भन्नुभयो।

तीन वर्ष अघिसम्म चरम जस्तो देखिने डढेलोको अवस्था अहिले दिनप्रतिदिन सामान्य हुँदै गएको उहाँले बताउनुभयो।

तीमध्ये १० जनाको मृत्यु कन्सेप्सियन प्रान्तको सान्टा जुआना शहरमा भएको अधिकारीहरूले यसअघि बताएका थिए।

डढेलोका कारण कम्तीमा ८८ घर जलेर नष्ट हुनुका साथै ४७ हजार हेक्टर वन क्षेत्र जलेको अधिकारीहरुले बताएका छन्।

सान्टा जुआनाका मेयर एना अल्बोर्नोजले भन्नुभयो, "इलाका निकै विकट छ र सडकहरू खराब भएका कारण डढेलो नियन्त्रण प्रयासमा समस्या भएको छ।

हाम्रो ग्रामिण जनसंख्या निकै थोरै छ, एक परिवार एउटा पहाडको टुप्पोमा र दोस्रो अर्को डाँडामा बस्छन्, तर सहरी क्षेत्रमा भीडभाड छ, उहाँले भन्नुभयो।

शुक्रबार दिउँसो भएको दुर्घटनामा परी मृत्यु हुनेमा हेलिकप्टरका चालक दलका दुई सदस्य समेत रहेको अधिकारीहरुले बताएका छन्।

आगलागीमा परी एक जना अग्निनियन्त्रकको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन् ।यस क्षेत्रमा करिब दुई हजार ३०० अग्निनियन्त्रक र ७५ वटा विमान तैनाथ गरिएको छ।

गर्मीका कारण सन् २०१७ मा पनि यस्तै घटना भएको थियो र उक्त घटना दोहोरिने डर पैदा भएको छ। सन् २०१७ मा उक्त क्षेत्रमा लागेको डढेलोमा परी ११ जनाको मृत्यु हुनुका साथै एक हजार ५०० घर जलेका थिए। (रासस/एएफपी)

# सेना र न्यायपालिकाको उपहास गर्नेलाई पाँचवर्ष जेल

इस्लामावाद, २२ माघ
पाकिस्तान सरकारले सेना र न्यायपालिकाको उपहास गर्नेलाई पाँच वर्ष जेल सजायको प्रस्ताव गर्ने विधेयक तयार गरेको छ । सरकारले दण्ड संहिता र फौजदारी प्रक्रिया संहितालाई परिवर्तन गर्ने विधेयक तयार गरेको दैनिक समाचारपत्र डनले जनाएको छ। सामाजिक सञ्जाललगायत जुनसुकै माध्यमबाट पाकिस्तानी सेना र न्यायपालिकाको निन्दा गर्नेलाई पाँच वर्षसम्म कैद सजायको प्रस्ताव विधेयकमा गरिएको छ । प्रधानमन्त्री तथा सङ्घीय मन्त्रिपरिषद्को अनुमोदनका लागि गृह मन्त्रालयले तयार पारेको मस्यौदा विधेयक कानुन तथा न्याय मन्त्रालयले परीक्षण गरेको छ। सामाजिक सञ्जालमा सेना, न्यायालय र राज्यका केही संस्थाको उपहास बढेपछि गृह मन्त्रालयले उक्त मस्यौदा तयार गरेको हो । प्रस्तावित विधेयक चाँडै सङ्घीय मन्त्रिपरिषद्समक्ष प्रस्तुत गरिने छ।



राज्यका महत्वपूर्ण निकाय र तिनका अधिकारीविरुद्ध घृणा जगाउने उद्देश्यले नियतवश गरिएका साइबर आक्रमण र अभियानलाई नियन्त्रण गर्न विधेयक जारी गर्न आवश्यक भएको सङ्घीय मन्त्रिपरिषद्को कार्यालयलाई उद्धृत गर्दै डनले जनाएको छ । प्रस्तावित विधेयकमा न्यायपालिकाको खिल्ली उडाउने नियतले कुनै पनि माध्यमबाट सूचना प्रवाह, प्रकाशन वा प्रसार गर्न, सशस्त्र बल वा तिनका कुनै सदस्यको उपहास गर्न पाइने छैन । त्यसो गरेको पाइएमा एक वर्ष कैद सजाय वा रु दश लाख जरिवाना वा दुवै सजाय हुनेछ । सञ्चारमाध्यमबाट सार्वजनिक हुने अपमानजनक टिप्पणीको खण्डन गर्ने अवसर न्यायपालिका र सेनाका अधिकारीहरूलाई प्राप्त नहुने भएकाले राज्यका संस्थाविरुद्ध आक्षेपपूर्ण अभिव्यक्ति नदिन विधेयकमा सर्वसाधारणलाई सचेत गराइएको छ । देशका राष्ट्रिय संस्थाहरूको अखण्डता, स्थायित्व र स्वतन्त्रतालाई कमजोर पार्ने गतिविधि नियन्त्रण गर्न विधेयक उपयोगी हुने अपेक्षा गरिएको छ। (राससएएनआई)



# सडक नामकरणको विषयमा स्थानियबीच मतान्तर भएपछि पिपरा अशान्त

मधेशदृष्टि
वीरगंज २२ माघ।
वीरगन्ज महानगरपालिका वडा नम्बर १४ पिपरा लिंक रोडको नामाकरणको विषयलाई लिएर स्थानिय वासिन्दा समर्थन र विरोधमा उत्रिन थालेपछि पिपरामा अशान्ति बढदै गएको छ।

पिपरा सडकलाई महात्मा गान्धी सडक नामाकरण गर्न खोजिएको भन्दै आइतवार पनि स्थानीयले सोको विरोधमा प्रदर्शन गरेका छन। यस अघि शनिवार विकास विरोधीहरु महात्मा गान्धी सडक नामाकरणको विरोधमा लागेको भन्दै स्थानिय वासिन्दाहरु विकासमा अवरोध गर्न पाईदैन भन्दै प्रदर्शनमा उत्रिएका थिए । तर आइतवार 'माहात्मा गान्धी' सडकको नामाकरण गर्ने निर्णय सच्याउन माग गर्दै फेरी स्थानीयवासीले प्रदर्शन गरेका छन । पिपरा युवा विकास समाजका अध्यक्ष अनिल पटेलको नेतृत्वमा स्थानीयहरुले आइतवार सडक नामाकरणको तयारीका लागि लेखिएको शीलालेख अगाडी प्रदर्शन गरेका हुन् । दुवैपक्षको विरोध प्रदर्शनले पिपरा लिंक रोड क्षेत्र अशान्त बनेपछि त्यस क्षेत्रका स्थानीयलाई भने चिन्ता बढेको छ।

## गान्धी सडक नामाकरण स्वागत योग्य : सांसद अजय चौरसिया



पर्सा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य अजय कुमार चौरसियाले वीरगञ्ज-१४ पिपरास्थित लिंक रोडलाई महात्मा गान्धी रोड नामाकरण गरिन स्वागत योग्य भएको बताएका छन । अहिंसाको आन्दोलनबाट समुदायलाई निरन्तर शान्ति र एकतातर्फ डोहोर्याउने गान्धीको नामले सडक नामाकरण गरिनु प्रशंसायोग्य भएको उनले बताए। जगतगुरु श्री रविदास जयन्तीको अवसरमा पर्सागढी नगरपालिका वडा नम्बर ८ स्थित हरपुर टाडी टोलमा आइतवार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै चौरसियाले समुदायका लागि सत्कर्म गर्नेहरुलाई देशको सिमानाले छुट्ट्याउने नसकिने स्पष्ट पारे। विश्वलाई अहिंसा र सत्यको मार्गमा हिँड्न प्रेरित गर्ने गान्धीको सम्मानमा विश्वका ८० वटा देशमा शालिक निर्माण गरिएको उदहरण दिदै उनले वीरगञ्जमा पनि गान्धीको नामबाट सडक नामाकरण गरिनु गौरवको विषय भएको बताए। उनले सामाजिक विकृतिका विरुद्ध निरन्तर चेतनाको सञ्चार गरेका जगतगुरु रविदास, कविरदास र गान्धीहरुबाट समुदायले प्रेरणा लिनुपर्ने धारणा राखे। सडक नामाकरणको विरोध गर्नेहरुले गान्धीको दर्शन र महत्व बुझ्नुपर्ने उनले बताए । कार्यक्रममा नेपाली कांग्रेसबाट प्रदेशसभा सदस्य श्याम पटेल, क्षेत्रीय सभापति मो. सहाबुद्दीन लगायतकाको उपस्थिती रहेको थियो।

# उत्खनन् कार्य तत्काल रोक्न माग गर्दै वीरगंजमा प्रर्दशन



मधेशदृष्टि
वीरगंज, २२ माघ।
भेडाहा खोलामा गिट्टी, ढुङ्गा, बालुवाको उत्खनन कार्य तत्काल रोक्न माग गर्दै आइतवार बीरगंज महानगरपालिका वडा नम्बर २८ का स्थानिय वासिन्दाले बीरगंजमा प्रदर्शन गरेका छन । बीरगंज महानगरपालिका वडा नम्बर २८ मा पर्ने भेडाहा खोला महानगरपालिकाको कार्यालयले ठेक्कामा लगाएको र खोलाबाट गिट्टी, बालुवा उत्खनन गर्दा सयौं किसानहरु प्रभावित हुने भन्दै आइतवार स्थानिय वासिन्दाले वीरगंजमा प्रदर्शन गर्दै प्रमुख जिल्ला अधिकारी र महानगरपालिकाको कार्यालयमा ज्ञापनपत्र बुझाएका छन ।

भेडाहा खोलाबाट गिट्टी, बालुवा उत्खनन गर्दा सयौं किसानको सम्पति नदी कटानमा पर्ने र किसानहरु विस्थापित हुने अवस्था आउने भन्दै तत्काल महानगरपालिकाले लगाएको ठेक्का रद्द गरी किसानको माग सम्बोधन गर्न स्थानिय प्रशासन तथा महानगरपालिकालाई आग्रह गरिएको छ।

भेडाहा खोला नदी विस्तार गर्ने नाममा महानगरपालिकाले कानुन विपरित पिडित किसानहरुको जग्गा हकभोग गर्ने अधिकारबाट बञ्चित गराउदै गिट्टी, बालुवा, ढुङ्गा उत्खनन गर्ने कार्य हाल जारी रहेको र यसबाट किसानको हजारौ विगाहा जग्गा नदी डुवान तथा कटान हुने भएपछि आफूहरुसँग आन्दोलन गर्नुको विकल्प नभएको संघर्ष समितिका संयोजक शर्मालाल ठाकुरले बताए।

बीरगंजको घण्टाघरबाट जुलुस निकालेर पिडित किसानहरुले जिल्ला प्रशासन कार्यालय तथा बीरगंज महानगरपालिकामा पुगेर ज्ञापन पत्र बुझाएका थिए।

किसानहरुकोमाग सम्बोधन नभए आफूहरु कडा आन्दोलनमा उत्रने चेतावनी प्रदर्शनमा उत्रिएका स्थानियवासिन्दाले दिएका छन।

गिट्टी, बालुवा, ढुङ्गा उत्खनन रोक्नका लागि शनिवार बीरगंज महानगरपालिका वडा नम्बर २८ बगहीमा सम्पन्न भेलाले शर्मालाल ठाकुरको संयोजकत्वमा ५४ सदस्यीय संघर्ष समिति गठन गरेको छ।

# औद्योगीक सुरक्षा बलको स्थापना गर्ने : उपरिक्षक थपलिया

मधेशदृष्टि
वीरगंज, २२ माघ।
सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाले सिमा क्षेत्रलाई व्यवस्थित गरी औद्यौगिक सुरक्षा बलको स्थापनाका लागि आफूले सक्दो पहल गर्ने बताएका छन।

वीरगंज उद्योग वाणिज्य सङ्घले आयोजना गरेको भेटघाट कार्यक्रममा पर्सामा हालै आएका सशस्त्र प्रहरी उपरीक्षक थपलियाले विगतमा भए गरेका राम्रो कार्यहरुमा अझ वृद्धि गर्ने, औद्योगिक सुरक्षा र अवैध व्यापार नियन्त्रणका लागि सशस्त्र प्रहरी क्रियाशील रहने बताएका छन । उनले सीमा सुरक्षामा हुने अपराध तथा राजस्व लगायतका अपराधहरुको चुनौतीलाई अवसरको रुपमा लिई आफू अघि बढ्ने बताए। सशस्त्र प्रहरी उपरीक्षक थपलियाले पर्साका सीमा सुरक्षा तथा औद्योगिक सुरक्षा बिषयमा आफु गम्भीर रहेको भन्दै वीरगंज आर्थिक नगर भएकोले यसको महत्व र उपादेयतालाई मध्यनजर गर्दै सोही अनुरुपको सुरक्षा व्यवस्था मिलाउने बताए । कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुबोधकुमार गुप्ताले वीरगंजको सुरक्षा व्यवस्था प्रभावकारी बनाउनु पर्ने तथा आन्दोलनमाफुटाइएकासिसिटिभी क्यामरालाई व्यवस्थापन र विस्तारमा आफुहरुको निरन्तर सहयोग रहने बताए। कार्यक्रममा सहभागी वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष हरिप्रसाद गौतम, माधवराज पाल, कार्यसमिति सदस्य आशिष लाठ, शिवजी प्रसाद कलवार, निरज अग्रवालले बीरगंजको शान्ति सुरक्षाका अवस्थाको सम्बन्धमा आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए।

# स्वतन्त्र प्रदेश सांसद कलबार जसपामा प्रवेश



मधेशदृष्टि
वीरगंज, २२ माघ।
मधेश प्रदेशबाट निर्वाचित स्वतन्त्र सांसद सरदा शङ्कर प्रसाद कलवार जनता समाजवादी पार्टी, नेपाल प्रवेश गरेका छन।

बारा जिल्लाको निर्वाचन क्षेत्र नं २ (क) बाट निर्वाचित कलवार जसपा प्रवेश गरेका हुन। उनले नेकपा एमालेको तर्फबाट उम्मेदवार बनेका बलवीर चौधरी र माओवादीका उम्मेदवार मोतीलाल कुश्वाहालाई पराजित गर्नुभएको थियो।

उहाँ जनता समाजवादी पार्टी, नेपालबाट बागी उम्मेदवार बनेका थिए।

मधेश प्रदेशका अर्थ तथा योजना मन्त्री सञ्जयकुमार यादव, मधेश प्रदेशका अध्यक्ष रामबाबुकुमार यादवले उहाँलाई पार्टी प्रवेश गराएका हुन । यससँगै मधेश प्रदेशमा जसपाको सांसद संख्या १९ पुगेको छ।

# चौतारिको स्थापना दिवसमा प्रभातफेरी

मधेशदृष्टि
वीरगंज, २२ माघ।
प्रेस चौतारी नेपालको २५ औं स्थापना दिवसको अवसरमा आइतवार वीरगंजमा प्रभातफेरी निकालिएको छ।

प्रेस चौतारी नेपाल पर्सा शाखाको आयोजनामा प्रभातफेरि निकालिएको हो।

वीरगंज घण्टाघरबाट निकालिएको प्रभातफेरी नगर परिक्रमण गरि पुनः घण्टाघरमा आई कोण सभामा परिणत भएको थियो।

चौतारीका पर्सा अध्यक्ष श्याम बन्जाराको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष तुलशी भण्डारी, महेश दास, कमल उपाध्याय, केसी लामिछाने लगायतको राकेश साहले जानकारी दिए।




# नेपाल प्रेस युनियनको मधेश प्रदेशको अध्यक्षमा श्रेष्ठ



मधेशदृष्टि
वीरगंज २२ माघ।
बाराको कलैयामा सम्पन्न नेपाल प्रेस युनियनको मधेस प्रदेश समितिको अध्यक्षमा बाराका वरिष्ठ संचारकर्मी सत्यप्रकाश श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन। बाराको कलैयामा शनिबार बेलुकी सम्पन्न प्रेस युनियन मधेस प्रदेशको प्रथम अधिवेशनले बाराका पुराना पत्रकार श्रेष्ठलाई सर्वसम्मत अध्यक्षमा निर्वाचित गरेको हो । अधिवेशनबाट अध्यक्षमा श्रेष्ठ सहित २५ सदस्यीय प्रदेश कार्य समिति सर्वसम्मत निर्वाचित भएका हुन्। उपाध्यक्षमा धनुषाका अजय साह, समावेशी उपाध्यक्षमा सोम दयाली, महिला उपाध्यक्षमा रमीता नेपाल, महासिचवमा बाराका अजय कुमार साह, सचिवमा बाराका सन्तोष पाण्डे ,पुस्तिका केसी र मनोज माझी तथा कोषाध्यक्षमा पर्साका उदय दास थारु पनि सर्वसम्मत चयन भएका छन् । यसैगरि सदस्यहरुमा पर्साका श्रवण साह, धिरेन्द्र श्रेष्ठ ,विजय साह, गिरिराज ओली, सन्जिव साह, मुकेश झा, शैलेन्द्र सिंह, राकेश गुप्ता, सृजा थापा, बब्लु चौधरी, देवेश मल्लिक,नवीन चौधरी, हरिस खुद्दार,पवन मिश्रा,नरेश चौधरी र उतिमलाल कापरी निर्वाचित भएका छन् । यस्तै लेखा समितिको संयोजकमा रन्जन खरेल तथा सदस्यमा राहुल गुप्ता र प्रियंका दास चयन भएको प्रेस युनियनका केन्द्रीय सदस्य निलिमा पौडेलले जानकारी दिए।

# पर्सा प्रहरीद्धारा विभिन्न मुद्दाका ५३ फरार प्रतिवादी पक्राउ

मधेशदृष्टि
वीरगंज, २२ माघ।
जिल्ला प्रहरी कार्यालय पर्साले दुई दिनमा विभिन्न मुद्दामा फरार ५३ जनालाई पक्राउ गरेको छ।

पर्सा जिल्ला अदालतबाट दण्ड, जरिवाना तथा कैद घोषित भएका कर्तव्य ज्यान, हातहतियार खरखजाना, लागुऔषध, बलात्कार लगायतका विभिन्न मुद्दाका फरार प्रतिवादीहरुलाई कैद तथा जरिवाना असुल उपरको लागि चलाईएको विशेष अभियान अन्तरगत दुई दिनमा ५३ जना फरार अभियुक्तलाई पक्राउ गरी सजाय भुक्तानका लागि आइतवार जिल्ला अदालत पर्सामा बुझाईएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी निर्मल बुढाथोकीले बताए । कैद सजाय तोकिएका अभियुक्तहरुलाई भने आइतवारनै वीरगंज कारागार चलान गरिएको बुढाथोकीले जानकारी दिए।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल